जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २३५ • २०८० साल माघ ८ गते सोमबार (22 January, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश कृषि विश्वविद्यालयमा जनमतको ताला

# भवन शिलान्यास निश्चित समयमा हुने :प्रदेश सरकार

**टुडे समाचारदाता**

राजविराज । मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासमा जनमत पार्टीले अवरोध गरिरहेको छ। मधेश प्रदेश सरकारको पूर्ण स्वामित्वमा रहेको मधेश कृषि विश्वविद्यलायको आफ्नो भवनको सोमवार शिलान्यास कार्यक्रम राखिएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव कुलपति रहेको सो विश्वविद्यालयको भवन शिलान्यास सत्तारुढ दल जनता समाजवादी पार्टी( जसपा)का अध्यक्ष उपेन्द्र यादव र मुख्यमन्त्रीले संयुक्त रुपमा गर्ने कार्यक्रम रहेको छ।

सोमवार बिहान साढे ११ बजे भवन शिलान्यासको कार्यक्रम रहेको निमन्त्रणा पत्र विश्वविद्यालयले वितरण गरेको छ।विश्वविद्यालयले वितरण गरेको निमन्त्रणा पत्रमा राजविराज नगरपालिकाको वडा नम्बर १३ मा भवन शिलान्यास हुने उल्लेख गरे पनि शिलान्यास गर्ने अतिथिबारे केही उल्लेख गरेको छैन्।

मधेश प्रदेशको पहिलो मुख्यमन्त्री लालबाबु राउतको सरकारले स्थापना गरेको मधेश कृषि विश्वविद्यालयमा पठनपाठन सुरु भइसकेको छ । भवन निर्माणको शिलान्यास गरी निर्माणको काम द्रुतगतिमा अगाडि बढाउन विश्वविद्यालयका पदाधिकारीहरु लागि परेका छन्।

तर विश्वविद्यालय स्थापनामा आफ्नो योगदान रहेको र योगदान गर्दागर्दै कुनै पनि संस्थाले हाम्रो मान मर्दन हुने गरी गर्ने कार्य हामीलाई सह्य नहुने बताउँदै प्रतिनिधि सभा सदस्य समेत रहेका जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले जनाएका छन्।

जनमत पार्टीका नेता महेश यादव मधेश प्रदेश सरकारको शिक्षा मन्त्रीको हैसियतमा सहकुलपति रहेका छन् । जनमतका अध्यक्ष राउतको चाहना अनुसार नै उनले पनि भवनको शिलान्यास सो क्षेत्रका सांसद समेत रहेका राउतबाट नै गराउन चाहेका छन्।

मधेश सरकारको शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले आइतबार बिहान उपकुलपति र मलाई राजविराजस्थित आफ्नै निवासमा बोलाएर कार्यक्रम स्थगनको दबाब दिएको खुलासा विश्व विद्यालयका रजिष्टार भगवान ठाकुरले बताए। त्यसको एक घण्टा नबित्दै जनमतका कार्यकर्ताहरूले विश्वविद्यालयमा तालाबन्दी गरेका छन्।' यद्यपि शिक्षामन्त्री यादवले यस विषयमा औपचारिक जानकारी नरहेको बताएका छन्।

यसअघि नै विश्वविद्यालयको भवन शिलान्यास गर्नको लागि आफ्नो नेता बाहेक अरुलाई बोलाए कार्यक्रम बिथोल्ने र उपकुलपतिलाई कालोमोसो दल्ने जनमत पार्टीका कार्यकर्ताले चेतावनी दिएका थिए।

तर कुलपति रहेका मुख्यमन्त्रीले जसपाका अध्यक्ष यादवको प्रमुख आतिथ्यमा भवनको शिलान्यास गराउन लागेका छन्।

मधेश कृषि विश्वविद्यालयमा पठनपाठनको दोस्रो सत्र सुरु भइसकेको छ। तर आफ्नो शैक्षिक र प्रशासनिक भवन छैन्। उक्त कार्यको लागि सम्पूर्ण प्रक्रिया पूरा भएर ठेक्का सम्झौता भइसकेको छ।

जनमत पार्टीका सप्तरी जिल्ला इन्चार्ज सहितका ३५/४० जनाको टोली विश्वविद्यालयको प्रशासनिक कार्यालय पुगेर उपकुलपति वैद्यनाथ महतो र रजिस्टार भगवान् ठाकुरलाई लखेट्ने धम्की दिएका छन्।

विश्वविद्यालय रहेको निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्य समेत रहेका राउतबाट भवन शिलान्यास नगराए उपकुलपति र रजिष्टारलाई कालोमोसो दलेर जिल्लाबाट लखेट्ने धम्की समेत दिएको जनमत पार्टीका सप्तरी इञ्चार्ज रामगमन साहले बताएका छन्।

हुलहुज्जत गर्दै विश्वविद्यालयको प्रशासनिक भवनमा छिरेर उपकुलपति, रजिस्टार लगायतको कर्मचारीलाई धाकधम्की दिँदै साह नेतृत्वको टोलीले दुर्व्यववहार गरेको विश्वविद्यालय प्रशासनले जनाएको छ।

बाहिरी जिल्लाबाट आएर सप्तरीमा काम गर्नेहरुलाई जिल्लाबाट नै लखट्ने धम्की दिनेमा उपराष्ट्रपतिकी उम्मेदवार ममता झा पनि रहेकी छन् । जनमतका अध्यक्ष राउतबाट शिलान्यास नगराए कार्यक्रम हुन नदिने चेतावनी दिए पनि जनमत पार्टीबाट मधेश प्रदेशमा शिक्षा मन्त्री रहेका यादव मुख खोलेका छैनन्। उनी विश्वविद्यालयका सहकुलपति भएरपनि आफ्नै कार्यकर्ताबाट उपकुलपति र रजिष्टार लगायतका कर्मचारीहरुलाई दुर्व्यवहार गराउन लगाएकाले सरकारबाट हटाउन मुख्यमन्त्री यादवमाथि दवाव बढेको छ।

विश्वविद्यालयको भवन शिलान्यासका लागि मुख्यमन्त्री यादव आइतवार साँझ नै राजविराज पुगेका छन् ।उनले शान्तिपूर्ण ढंगले नै भवन शिलान्यासको कार्यक्रम हुनेमा ढुक्क देखिएका छन्।

मधेश प्रदेशको पहिलो सरकारले नै विश्वविद्यालयको पूर्वाधार निर्माणका लागि ३० करोड बजेट पठाएको छ ।भवन निर्माणको प्रकृयामा केही समय लागेको बताइन्छ ।रजिष्टार श्रीभगवान ठाकुरले भवन शिलान्यासमा कुनै प्रकारको विवाद सृजना नगर्न सबै पक्षलाई आग्रहगर्दै विश्वविद्यालयलाई सबैको सहयोग र सद्भाव रहने बताएका छन्।

भवन शिलान्यासको कार्यक्रमलाई निर्वाध रुपमा सम्पन्न गराउन आवश्यक सुरक्षाको व्यवस्था मिलाइसकिएको सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी भीमराज बस्नेतले बताएका छन्।

'भवन शिलान्यासस स्थलको सम्पूर्ण सुरक्षा व्यवस्था मिलाइएको छ' उनले भने, पवित्र कार्यमा सबैको सहयोग रहनेछ।




## आज शिक्षा मन्त्री हटाइने

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासको विरोध कार्यक्रम जनमत पार्टीले स्थगन नगरे सोमवार प्रदेश सरकारमा रहेका जनमतका शिक्षा मन्त्री महेश प्रसाद यादवलाई हटाइने छ।

उच्चस्रोतका अनुसार शिक्षा मन्त्री यादव सप्तरीमा बसेर शिलान्यास कार्यक्रम स्थगन गर्न उपकुलपति र रजिष्ट्रारलाई निवासमा बोलाएर धम्की दिएको आरोप छ । सहकुलपति रहेका यादवले पदीय मर्यादा विपरीत कार्य गरेको आरोप लगाउँदै सरकारबाट हटाइने तयारी गरिएको छ।

मुख्यमन्त्री यादव राजविराजमा पुगिसकेका छन्। उनी विश्वविद्यालयका कुलपति हुन्। रजिष्टार श्रीभगवान ठाकुरले शिलान्यासको कार्यक्रममा फेरबदल नभएको बताएका छन्।

शिलान्यास कार्यक्रमका प्रमुख अतिथि जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादव आइतवार राति जनकपुरधाममा नै रहेका छन्। उनी सोमवार बिहान राजविराज पुग्ने छन्।

# राममन्दिरको प्राण प्रतिष्ठा आज

**टुडे समाचारदाता**

अयोध्या(भारत) । भगवान रामको नवनिर्मित मन्दिरमा सोमवार प्राण प्रतिष्ठा हुन लागेको छ। ७५ वर्षदेखिको विभिन्न लडाइ पछि रामन्दिर निर्माण पक्षधरहरुले सफलता पाएका छन् । मन्दिरको उद्घाटन र भगवानको प्राण प्रतिष्ठा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गर्ने भएका छन्। मन्दिरको प्राण प्रतिष्ठा समारोहमा आमन्त्रित भन्दा कयौं गुणा बढी श्रद्धालुहरु अयोध्या पुगेका छन्।

सनातन धर्मावलम्बीहरुले राममन्दिरको उद्घाटन समारोहलाई सहज रुपमा टीभी, अनलाईन लगायतका सञ्चार माध्यमहरुबाट हेर्न सक्ने व्यवस्था मिलाइएको छ।

अयोध्यामा उच्च सुरक्षा सतर्कता अपनाइएको छ । मन्दिरको वरिपरि आमन्त्रण कार्ड धारक बाहेककालाई प्रवेश निषेध गरिएको छ। समारोहमा भारतका सबै क्षेत्रका हस्तीहरु सहभागी हुने छन् । बाबरले भगवान रामको मन्दिरलाई भत्काएर मस्जिद बनाएका थिए । भारतको सर्वोच्च अदालतले राममन्दिर निर्माणको फैसला गरेको दुई वर्षमा नै निर्माण कार्य पूरा भइ प्राण प्रतिष्ठा भइरहेको छ।







# सहकारीका समस्या समाधान गर्न ऐन नै परिमार्जित गर्नुपर्ने



**टुडे समाचारदाता**

काठमाण्डु । सहकारीसम्बन्धी समस्या समाधान गर्नका लागि सहकारी ऐन नै परिमार्जित गर्न सांसदहरुले जोड दिनुभएको छ । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबारको बैठकमा उपस्थित अधिकांश सदस्यले सहकारीमा देखिएको कानुनी समस्या समाधान गर्न सहकारी ऐनलाई संशोधन गर्नेमा जोड दिए।

समिति सदस्य अशोककुमार चौधरीले सहरकारीको समस्या समाधान गर्न कानुनमा हेरफेर गर्न आवश्यक रहेको बताए । उनले सहकारी कसका लागि हो भनेर जनतालाई बुझाउँदै सहकारी नियमन गर्न उचित मापदण्ड तयार गरेर अगाडि बढ्नुपर्नेमा सुझाव दिए।

समिति सदस्य मानवीर राईले सहकारीको समस्या समाधान गर्नमा सरकार अपरिपक्व देखिएको आरोप लगाए। उनले सरकार पक्ष र मन्त्रालय पक्षबीच कमजोरी कसको भएको यकिन हुन जरुरी हरको बताए । समिति सदस्य सूर्यप्रसाद ढकालले सहकारी सञ्चालक समितिमा एउटै घरपरिवारबाट एकभन्दा धेरै सदस्य हुन नपाउने नियम बनाउनुपर्ने धारणा राखे । समिति सदस्य वीरबहादुर बलायरले सरकारी पीडकको संरक्षण कुनै सांसदले गर्न नहुने भन्दै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि आवश्यक जनशक्तिसँगै सुरक्षाको व्यवस्था गरिदिनुपर्नेमा जोड दिए।

समिति सभापति डा आरजु राणाले सहकारीका समस्या समाधान गर्न प्रधानमन्त्रीलाई चिठ्ठी लेखेर अनुरोध गर्नुपर्ने बताए । उनले सहकारीको समस्या पछिल्लो समय डरलाग्दो बन्दै गएको भन्दै डुबेका सहकारीले ठगी गरेको रकम सरकारले कुनै पनि हालत बेहोर्न नहुने धारणा राखे।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले जनशक्तिको अभावले गर्दा परिणाममुखी काम गर्न नसकेको बताए। देशभर ३१ हजार सहकारीमध्ये पाँच सय वटा सहकारी अति समस्यामा रहेको उनको भनाइ थियो । अध्यक्ष दाहालले भने, "समितिका लागि आवश्यकताअनुसार दक्ष जनशक्तिसहित सरकारले सुरक्षाको व्यवस्था गरिदिए छिटो गरी काम हुन सक्थ्यो। हस्ताक्षर गर्नका लागि एक जना कर्मचारीबाहेक कोही छैन। कसरी काम हुन्छ ?"

सहकारीले सुरुवाती चरणमा राम्रो गरे पनि पछिल्लो समय अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा डुबेको अध्यक्ष दाहालको भनाइ थियो । उनले भने, "सहकारीले उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्नेमा अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा समस्या देखियो। कृषि सहकारीभन्दा बचत तथा ऋण सहकारी बढी समस्यामा परेको छ।"

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले सहकारीको समस्या कसले हेर्ने भन्नेबारे अन्योलता भएकाले समस्या गर्न बाधा भइरहेको बताए। उनले भने, "सहकारीलाई कारबाही गर्न खोज्दा कानुनी बाधा आइपर्छ। सङ्घ, प्रदेश तथा स्थानीय तहले वर्गीकरण गरेर अनुगमनलाई तीव्रता दिनुपर्छ। बाझिएको कानुन तथा ऐनलाई छलफल गरेर छिटो टुङ्ग्याउनुपर्छ।"

# मधेस प्रदेश राजधानीमै छैन खानेपानी

जनकपुरधाम । मधेस प्रदेशका नौ लाख ३१ हजार तीन सय ३१ घरधुरीमध्ये झण्डै ७७ प्रतिशतको पिउने पानीको मुख्य स्रोत ट्यूबवेल अर्थात् चापाकल रहेको तथ्य सार्वजनिक भइसकेको छ । तर भूमिगत पानीको सतह घट्दै गएकाले पछिल्लो समय चापाकलमा पानी सुक्दै गएको गुनासो यहाँका बासिन्दा गर्छन् । नागरिकले पिउने पानीकै लागि समस्या भोग्नुपर्ने अवस्था आए पनि चापकलको अर्को भरपर्दो विकल्प पनि तयार भएको देखिँदैन । त्यसको उदाहरण हो, प्रदेश राजधानी जनकपुरधाम । प्राप्त विवरणअनुसार यहाँ करिब १२ प्रतिशत घरमा मात्रै खानेपानीको पाइप प्रणालीको पहुँच छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार जनकपुरधाममा ४० हजार चार सय नौ घरपरिवार छन् ।तर खानेपानी वितरणको मुख्य काम गर्दै आएको खानेपानी संस्थानले हालसम्म चार हजार छ सय ८५ घरमा मात्रै धारा जडान गरेको छ। जडान भएका धारामध्ये पनि करिब ४४ प्रतिशतभन्दा बढी घरमा आंशिकरुपमा मात्रै पानी वितरण हुने गरेको संस्थानकै तथ्याङ्क छ । कार्यालय प्रमुख विष्णुदेव साहले संस्थानले उपमहानगरमा २५ वटा वडामध्ये १४ वडाका चार हजार छ सय ८५ घरमा मात्रै धारा जडान भएका र त्यसको ५६ प्रतिशत जतिमा मात्रै पूर्णरुपमा पानी वितरणको काम भइरहेको बताए।

समग्रमा जनकपुरधाम नगरक्षेत्रमा दुई करोड ५० लाख लिटर (२५ एमएलडी) पानीको माग रहेकामा धारा जडानभएका आधारमा हाल दैनिक ३० लाख लिटरमात्रै आपूर्ति गर्न सकिएको कार्यालय प्रमुख साहले जानकारी गराए।

अहिले वडा नं १० को अरगजा पोखरीको उत्तरमा र रामानन्द चोकस्थित कार्यालय परिसरमा चार लाख ५० हजार क्षमताका दुई वटा ओभरहेड ट्याङ्कीमा छ वटा डिप बोरिङबाट सङ्कलित भूमिगत पानीलाई प्रशोधन गरेर वितरणको काम भइरहेको छ। "सीमित बजेट र करिब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण धेरै ठाउँमा चाहेर पनि पानी पुऱ्याउन सकिएको छैन। तर चालु आर्थिक वर्षमा पानी ट्याङ्की थप्ने, पानी वितरण सञ्जाल विस्तार अर्थात् पाइप विच्छ्याउने, अवरुद्ध भएका ठाउँमा पानी आपूर्तिका लागि मर्मतसम्भार गर्ने काम भइरहेकाले आगामी दिनमा केही सुधार हुने अपेक्षा छ", कार्यालय प्रमुख साहले भने।



संस्थानको महसुल शाखा प्रमुख दधिवल यादवले पानीको माग बढ्दै गए पनि पुरानो संरचना र संस्थानसँग समन्वय नै नगरी गरिने विकास निर्माणकाबेला त्यही संरचना पनि बिगार्ने तथा भत्काउने समस्याले जडान भएका नौ सयभन्दा बढी धारामा पानी अवरुद्ध भएको बताए।

विगतमा ढल निकास, सडक विस्तार तथा अन्य विकास निर्माणका कारण धेरै क्षेत्रमा पाइपलाइन चुँडिएर घरधुरीमा पानी वितरणमा समस्या भए पनि त्यसको समाधानका लागि काम जारी रहेको यादवको भनाइ छ । कार्यालय प्रमुख साहले पनि स्थानीय तह र अन्य विकास निर्माण गर्ने दायित्व भएका कार्यालयले संस्थानसँग समन्वय गर्नुपर्नेमा उल्टै वर्षौं पुरानो पानी वितरण सञ्जालमा छेडखानी गर्दा समस्या हुने गरेको बताए।

उनले भने, "एकातिर भूमिगत पानीको तह घटेर अहिले पाँच सय फिटभन्दा बढी जमिनमुनिबाट मात्रै ट्यूबवेल (चापाकल) मा पानी आइरहेको छ। जसले पानीको माग बढ्दैछ । अर्कोतिर भएकै पुराना संरचनामा चुहावटको समस्या छ। स्थानीय, प्रदेश र बाँकी सबै सरोकारवाला निकाय मिलेर काम गरेमा धेरै समस्या समाधान गर्न सकिन्छ।" ३४ वर्ष पुरानो पानी वितरण प्रणालीको पहुँच पनि नगरका सबै वडामा पुगेको छैन। २५ वडामध्ये आधाजति वडामा मात्रै वितरण प्रणालीको पहुँच छ भने त्यसमा पनि करिब ५० प्रतिशतमा मात्रै नियमित पानी जाने गरेको छ।

बाह्र वर्षभन्दा बढी समयदेखि जनकपुरधाम वडा नं ४ कटैयाचौरीमा एक करोडभन्दा बढी लगानीमा निर्माण गरिएको डिप ट्यूबवेल स्थानीयवासीको अवरोधका कारण सञ्चालनमा आउन सकेको छैन । चालु आर्थिक वर्षमा भने कार्यालय परिसरमै रु एक करोड ३० लाखको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्याङ्की, चार करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरीचौकीदेखि वडा नं ८ स्थित होटल सीताशरणसम्म छ लेन सडक छेउमा सात किमी लामो दुवैतर्फ आठ/आठ इञ्चको पाइप बिछ्याउने काम भइरहेको छ।

यस कार्यले पाँच लाख लिटर पानी भण्डारण हुने र चालु आर्थिक वर्षमा थप एक हजार धारा जडान गर्न सघाउ पुग्ने संस्थानको विश्वास छ। "थोरै स्रोतसाधनका बाबजुद संस्थानले भ्याएसम्मको काम गरिरहेको छ। प्रदेश राजधानी भएकाले संस्थानको पहलले मात्रै यहाँको अभाव पूर्ति हुने अवस्था छैन । जनकपुरधाममा सङ्घीय खानेपानी मन्त्रालयले सरोकारवाला कार्यालयसँग मिलेर खानेपानीको आवश्यकता, समस्या र सञ्जाल निर्माणको आवश्यकताबारे विस्तृत अध्ययन गरिरहेको छ । त्यस आधारमा आगामी दिनमा जनकपुरधामक्षेत्रको खानेपानी समस्या समाधानका लागि एकीकृतरूपमा दिगो व्यवस्थापनको काम हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ", साहले आशा व्यक्त गरे।

प्रादेशिक राजधानी जनकपुरमै पानीको भरपर्दो वैकल्पिक स्रोत छैन । अन्य सहर र गाउँको अवस्था पनि योभन्दा दयनीय छ । आर्थिक सर्वेक्षण २०७९/८० अनुसार प्रदेशका १२ दशमलव १५ प्रतिशत घरधुरी त खानेपानी प्रणालीमै समेटिएका छैनन् भने १० दशमलव ४६ घरधुरीमा मात्रै पाइप प्रणालीबाट पानीको पहुँच पुगेको छ। त्यसबाहेक ७६ दशमलव ९१ प्रतिशत घरधुरीमा ट्यूबवेल, शून्य दशमलव ४७ प्रतिशतमा अन्य सुरक्षित स्रोत र शून्य दशमलव शून्य एक प्रतिशतमा वर्षात् पानीमा निर्भर हुनुपरेको पनि सोही सर्वेक्षणको तथ्याङ्कले देखाएको छ।

यहाँ खानेपानी संस्थानले मुख्य सहरमा मात्रै पानी आपूर्तिको काम गरिरहेको छ। त्योसमेत गरी प्रदेशभर एक सय १३ खानेपानी योजना सञ्चालनमा छन् । जबकि सात प्रदेशमध्ये कर्णाली प्रदेशमा समेत नौ सय ९३ योजना सञ्चालनमा रहेको मधेस प्रदेशको सोही आर्थिक सर्वेक्षणमा उल्लेख छ । मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले सार्वजनिक गरेको सरकार गठनको एकवर्षे उपलब्धिमा ४१ वटा खानेपानी आयोजना सम्पन्न गरी यसबाट लगभग २० हजार घरधुरी लाभान्वित भएका, ७७ वटा खानेपानी आयोजनाका लागि डिपबोरिङ र एक सय ५९ किमी पाइपलाइन विच्छ्याउने कार्यसम्पन्न भएका उल्लेख गरिएको छ ।रासस

# १४ लाख ४० हजारले सवारी चालक अनुमतिपत्र कहिले पाउने ?

**टुडे समाचारदाता**

काठमाण्डु । कहिल्यै समाधान नहुने समस्याका रुपमा स्थापित छ सवारी चालक अनुमतिपत्र अर्थात सवारी लाइसेन्स। सरकारले अनेकन प्रयास गरे पनि गुनासो आउन छाडेको छैन । समाधानका अनेकन उपाय अवलम्बन गरिए पनि सुधारको गुन्जायस छैन।

हरेक दिन सवारी चालक अनुमति पत्र छपाइका लागि चार हजारभन्दा बढी माग आउने गरेको स्वयं यातायात व्यवस्था विभागले जानकारी दिने गरेको छ। प्रतिक्षासूचीमा मात्रै १४ लाख ४० हजारभन्दा बढी छ । सवारी चालक अनुमतिपत्र छपाइ गर्ने उपकरण, कार्डको उपलब्धता गराउन नसकिएको, कार्डको काम गर्ने जिम्मा पाएको व्यवसायीले समयमा काम नगरेको अवस्था पनि छ।

नागरिकस्तरबाट गुनासो बढ्दो छ। सरकारी निकाय आफैं जवाफ दिन सक्ने अवस्थामा छैन। पछिल्लो पटक छ लाख कार्डको जोहो भएको छ। यस्तै, छ लाख थान कार्ड आउने प्रक्रियामा छ । त्यसो हुँदासमेत दुई लाखले अझै सवारी चालक अनुमतिपत्र नपाउने अवस्था छ।

सवारी चालक अनुमतिपत्रको काम प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालय र सवारी चालक अनुमतिपत्र कार्यालयले गरिरहेका छन्। यद्यपि, अधिकार बाँडफाँटमा अझै समस्या छ । कतिपयलाई त यो काम प्रदेश सरकार मातहतका निकायले गर्छ भन्ने थाहा छैन।

नक्कली सवारी चालक अनुमतिपत्रको बिगबिगी पनि उस्तै छ। सवारी चालक अनुमतिपत्र प्रदान गर्ने निकायको प्रणालीभित्र नै प्रवेश गरेर नक्कली चालक अनुमतिपत्र बनाएको गुनासो पनि यसबीचमा व्यापक मात्रामा आएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यसबारे छानबिन गरेको छ।



ती समस्या समाधानका लागि आइतबार मन्त्रालयले प्रदेशका यातायात हेर्ने मन्त्री, सचिवसहित सरोकारवाला निकायबीच छलफलको आयोजना गरेको थियो। छलफलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले यातायात क्षेत्रमा देखिएका तमाम समस्या समाधानका लागि मन्त्रालयको तर्फबाट ठोस पहल भइरहेको दाबी गरे।

"लामो समयदेखि गिजोलिएको समस्या समाधान गर्न लामो समय लाग्छ। त्यसका लागि हामीले योजनाबद्ध प्रयास थालेका छौं । आशा गरौं, समस्याको समाधान हुन्छ", मन्त्री ज्वालाले भने । प्रधानमन्त्री दाहालले यातायात क्षेत्रमा देखिएका समस्या समाधान गर्न, चालक अनुमति वितरण प्रणालीलाई थप सहज बनाउन स्पष्ट निर्देशन दिनुभएको उल्लेख गर्दै मन्त्री ज्वालाले अब सहज वातावरण बनाइने बताए।

सवारी चालक अनुमतिपत्र छपाइका लागि प्रदेश सरकारलाई नै जिम्मा दिनु उपयुक्त रहेको निष्कर्ष निकाल्दै उनले त्यसका लागि आवश्यक तयारी गर्न प्रदेशका मन्त्री र सचिवलाई आग्रह गरे।

वाग्मती प्रदेश सरकारका यातायात मन्त्री लक्ष्मण लम्सालले लामो समयसम्म सवारी चालक अनुमतिपत्र नै नपाउने अवस्थाका लागि अनेकन विकल्प खोज्नुपर्ने बताए। उनले अब धेरै समय नागरिक तहबाट आएको दबाब सहन नसक्ने अवस्थामा पुगेको भन्दै हाल परीक्षणकालीन रुपमा प्रदान गरिएको सवारी चालक अनुमतिपत्रलाई नै स्थायी गर्ने व्यवस्था मिलाउनुपर्नेमा जोड दिए। उनले वाग्मती प्रदेश सरकारले मास प्रिन्टर खरिद गरेर आफैं सवारी चालक अनुमतिपत्र छपाइ गरी वितरण गर्ने कार्ययोजना बनाएको र त्यसका लागि प्राविधिक सहयोग गर्न यातायात व्यवस्था विभागलाई आग्रह गरे।

कूल सवारी चालक अनुमतिपत्रको मागमध्ये ५० प्रतिशतभन्दा बढी वाग्मती प्रदेशमा छ। सरकारले यातायात क्षेत्रलाई नगद कारोबाररहित बनाउने उद्देश्य राखेको भए पनि गण्डकी प्रदेश कार्यालयले भन्दा अन्य प्रदेशले कार्यान्वयन गर्न अटेर गरेका छन् । विचौलिया हटाउने र सहज रुपमा सेवाग्राहीले काम लिन सक्ने वातावरण त्यस्तो व्यवस्था गरिएको भए पनि यातायात कार्यालयले विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन गर्न चासो देखाएका छैनन्।

गण्डकी प्रदेशका यातायातमन्त्री रेशमबहादुर जुम्जालीले आफ्नो प्रदेशमा विद्युतीय भुक्तानी प्रणालीको नतिजा असाध्यै राम्रो भएको जानकारी दिए । "हामीले नगदरहित कारोबारलाई विशेष प्राथमिकतामा राखेर सुरु गरौं, त्यसबाट राम्रो प्रतिक्रिया पाएका छौं", उनले भने ।आइतबारको छलफलमा लामो समयसम्म पनि सवारी चालक अनुमतिपत्र नपाउने अवस्था, इक्बोस्ड नम्बर प्लेट जडान तथा पछिल्ला दिनमा बढेको सवारी दुर्घटनाको निदानका लागि खोजिने उपाय केन्द्रमा थियो । छलफलमा प्रदेशका यातायात क्षेत्र हेर्ने मन्त्री, नेपाल प्रहरीका उच्च अधिकारी र ट्राफिक प्रहरीका उच्च अधिकारीले आ-आफ्नो धारणा राखेका थिए।

सवारी चालक अनुमतिको प्रतिक्षामा दुई वर्षभन्दा बढी समय प्रतीक्षा गर्दा सर्वसाधारणले पाउन सकेका छैनन् । सरकारको प्रणालीमा नै बिचौलियाले अनाधिकृत प्रवेश गरी झण्डै एक लाखभन्दा बढी सवारी चालक अनुमतिपत्र नक्कली बनाएको पाइएको छ । सो विषयमा आवश्यक छानबिन भइरहेको भौतिक पूर्वाधार तथा यातायातामन्त्री ज्वालाको भनाइ छ। उनले दोषी देखिएका जो कोहीलाई पनि कारबाहीको दायरामा ल्याइने बताए।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालका अनुसार नक्कली सवारी चालक अनुमतिपत्र बनाउने जो कोहीलाई पनि कारबाहीको दायरामा ल्याइने बताए । उनले विभाग, अख्तियार दुरुपयोग अनुसनधान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले त्यससम्बन्धमा छानबिन गरीरहेको जानकारी दिए । "अहिले नै के कति मात्रामा नक्कली हो भन्न सकिने अवस्था छैन। यद्यपि, हामीले आवश्यक छानबिन गरिरहेका छौं । त्यसमा दोषी देखिएका सबैलाई कारबाहीको दायरामा ल्याउनैपर्छ", महानिर्देशक रिजालले भने।

सवारी दुर्घटनामा परेका चालकका नाममा रातारात नक्कली अनुमतिपत्र बनेर आएको पाइएको उनले जानकारी दिए । चालक अनुमतिपत्र नभएकाले गाडी चलाएर हिँड्दा मान्छे मारेको प्रणालीमा प्रवेश गरेर नवीकरण गरेको पाइएको छ।

"कुन कार्यालयबाट कसरी नक्कली अनुमतिपत्र बनेको छ भन्ने खुल्दै जानेछ। तथ्याङ्क कुनै एक ठाउँबाट हटाए पनि अर्को ठाउँमा गएर बस्ने गरेको छ। त्यो प्रहरी र आयोगले अनुसन्धान गरेर पत्ता लगाउनेछ। त्यसबाट को-को दोषी हुन भन्नेसमेत पत्ता लाग्नेछ", उनले भने । परीक्षा नै नदिई अनुमतिपत्र बनाएको, अरुकै नाममा लिएको पाइएको उनको भनाइ छ।

छलफलमा सरकारी सवारी साधनबाट नै भए पनि अभियानका रुपमा इक्बोस्ड नम्बर प्लेट राख्दै सबैलाई अनिवार्य गरेर लैजाने विषय उठेको थियो । सहभागीमध्येका अधिकांशले एकीकृत प्रणालीको व्यवस्थापन विभागले गरिदिए आफू यस क्षेत्रमा रहेको विकृति तथा विसङ्गतिलाई समाधान गर्न सक्ने बताएका थिए।

कतिपय प्रदेशका मन्त्रीले त प्राविधिक कर्मचारीको अभाव रहेको, सङ्घीय सरकारले आवश्यक जनशक्ति व्यवस्थापन नगर्दा समस्या भएको बताएका थिए । प्राविधिक तयारी एवं अन्य सहयोग भएको खण्डमा जुनसुकै प्रणाली लागू गरी कार्यान्वयनमा ल्याउन तयार रहेको उनीहरुको भनाइ थियो। उनीहरुले त्यसका लागि आवश्यक सहयोग गर्न सङ्घीय मन्त्रालयको ध्यानाकर्षण गराएका थिए।

विद्युतीय सवारी दर्ताका सम्बन्धमा पनि आवश्यक प्रबन्ध गरिदिन उनीहरुले सरकारको ध्यानाकर्षण गराए। मन्त्री ज्वालाले सबै खालका समस्या समाधानका लागि आवश्यक छलफल भइरहेको र छिट्टै निष्कर्षमा पुगिने स्पष्ट पारे।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवारिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारतको अयोध्यामा माघ ८ गते हुन लागेको भगवान रामललाको प्राण प्रतिष्ठा कार्यक्रमको पूर्वसन्ध्यामा आइतबार महोत्तरीको सदरमुकाम जलेश्वरमा आयोजित रामसीता शोभा यात्राका सहभागीहरू। *तस्वीर : रासस*

# ११ वर्षपछि सर्लाही कारागार सञ्चालनमा

**बख्तियार अली**

मलंगवा। सर्लाहीको मलंगवामा लामो समयदेखि बन्द जिल्ला कारागार आइतबारदेखि सञ्चालनमा आएको छ। जीर्ण जिल्ला कारागारको मर्मत सम्भारको कार्य सकिएपछि आइतबारदेखि सञ्चालनमा ल्याइएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ।



गृहमन्त्री नारायणकाजी श्रेष्ठले शिलालेखको अनावरण तथा रिबन काटेर उद्धाटन गरेपछि जिल्ला कारागार सञ्चालनमा आएको छ। कारागारको उद्घाटन गर्दै गृहमन्त्री श्रेष्ठले कारागारको जीवनशैलीमा परिवर्तन ल्याउनुपर्ने जरुरी रहेको बताए।

उनले भने,'कारागारलाई अब तपाईहरू सुधार गृहको रूपमा विकास गर्नुपर्छ, यहाँ योगा सञ्चालन गर्नुपर्छ। ताकी कैदीबन्दीहरुमा सकारात्मक परिवर्तन आओस्।' सर्लाहीका सीडीओ कोमल प्रसाद धमलाका अनुसार ०६९ सालको माघ महिनादेखि जीर्ण हुँदा कारागार बन्द गरिएको थियो।

उनले भने,'ठेकेदारको लापरबाहीका कारण धेरै समय लाग्यो, किनभने कारागार मर्मतका लागि तीन-तीन पटक ठेक्का गर्नुपऱ्यो। अनि बल्ल अहिले आएर काम पूरा सकियो,त्यस कारण ढिलाइ हुन गयो।' ठेकेदारकै लापरबाहीले ११ वर्षमा यो जिल्लाका कैदीबन्दीहरुलाई सास्ती खेप्नुपरेको थियो,'उनले भने। तर अब त्यो समस्याबाट जिल्लाका कैदीबन्दीहरु छुटकारा मिलेको सीडीओ धमलाले बताए। मलंगवामा रहेको जिल्ला कारागार सञ्चालन आए लगत्तै रौतहट जिल्ला कारागारबाट ३० जना कैदीबन्दी सारेर सर्लाही कारागारमा ल्याएको सीडीओ धमलाले बताए। सर्लाही कारागार ८ कट्ठा साढे १९ धुर क्षेत्रफलमा फैलिएको छ।

मर्मत सम्भार भई सञ्चालनमा आएको सर्लाही कारागारमा अहिले पानीको पर्याप्त व्यवस्था हुनुको साथै सुविधा सम्पन्न चमेना गृह, प्रजनन कक्षसहित शौचालयको समेत व्यवस्था गरिएको सीडीओ धमलाले जनाए।

यो कारागारमा १६० जना पुरुष र ५० जना महिला गरी २१० जना अट्ने क्षमता रहेको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनायो। कारगारभित्र मर्मत भइरहँदा यहाँ कैदीलाई सिन्धुली, महोत्तरी, झुमका र रौतहट कारागारमा स्थानान्तरण गरिएको थियो।

# वन मन्त्रालय र अभियानविचको छलफल निस्कर्ष विहिन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका वन तथा वातावरण मन्त्री रमेश प्रसाद कुर्मी र चुरे तथा वनजंगल संरक्षण अभियानविच आइतबार भएको छलफल निस्कर्ष विहिन बनेको छ।



आइतबार मन्त्रालयमा भएको मन्त्री कुर्मी र अभियानका संयोजक सुनिल कुमार यादव विच भएको छलफल निस्कर्षमा पुग्न नसकि सम्पन्न भएको हो। अभियानका संयोजक यादवले चुरे तथा वनजंगल संरक्षणका लागि प्रस्तुत गरेको पाँच वटा बुंदा माथि मन्त्री कुर्मीले सकारात्मक रहेको बताउदै माग गरिएका कुराहरु पुरा गर्नकालागि आफुलाई समय चाहिने भनेपछि अभियानी यादव असन्तुष्ट बन्दै छलफलबाट बाहिरिएको अभियानी चन्द्रकिशोर यादवले बताएका छन्।

यादवका अनुसार मन्त्री कुर्मी प्रस्तुत गरिएको बुँदामा सकारात्मक देखिएपनि अभियानले माग गरेको छानवीन समिति गठनका लागि समय माग गरेपछि छलफल निस्कर्ष विहिन बनेको बताए।

चुरे तथा वनजंगल संरक्षण अभियानले एक हप्ता पहिले मन्त्रालयका सचिवलाई ज्ञापनपत्र बुझाउदै मागहरु पुरा गर्न आग्रह गरेका थिए।

ज्ञापनपत्रमा यसभन्दा पहिले यसै मन्त्रालयले गठन गठन गरेको छानवीन समितिले गलत प्रतिवेदन प्रस्तुत गरेको र सोको प्रमाण डिभिजन वन कार्यालय सिरहाले दिईसकेकोले गलत प्रतिवेदन पेस गर्नेमाथि छानवीन समिति गठन गरि कारवाही प्रक्रियामा लग्नुपर्ने,सरुवा वढुवामा भएको भ्रष्टाचारको विषयमा छानवीन गर्नुपर्ने र सिर्सिया नदीलाई फोहर बनाउने लाई कारवाही गर्नुपर्ने लगायतको माग गरिएको थियो। आइतबार सोहि विषयमा मन्त्री कुर्मी र अभियानका संयोजक यादवविच छलफल भएको छ। मन्त्री कुर्मीले चुरे तथा वनजंगल संरक्षण अभियानले उठान गरेका मुद्दाहरु उचितनै रहेको बताए। यस मुद्दाप्रति आफुहरु सम्वेदनशिलनै रहेको र मुद्दा सम्वोधनका लागि आफुले पहल गर्ने बताए।

आफुलाई समय दिन भनिएको तर कति समय दिन भन्दा भन्न नचाहेकोले आफु छलफलबाट असन्तुष्ट रहेको संयोजक यादवले बताए। उनले भने,'मन्त्रीजीले आफुहरुको मागको विषयमा सकारात्मक भएपनि छानवीन समिति गठन गर्न तर्फ अग्रसर देखिएन।'अब पनि मन्त्रालय गम्भीर नभए पुनः सडक आन्दोलन गर्न बाध्य हुने संयोजक यादवले चेतावनी दिए।

# वर्षा न्यून, ठूलो वर्षाको छाँटकाँट छैन

**टुडे समाचारदाता**

काठमाण्डु। जल तथा मौसम विज्ञान विभागले यस वर्षको हिउँदमा औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेपनि आइतबारका मितिसम्म खासै वर्षा हुनसकेको छैन।



हिउँदयामको यही माघ ४ गतेसम्मको प्राप्त विवरणअनुसार देशभरका २० वटा मापन स्टेशनको तथ्याङ्कमा चार दशमलव पाँच प्रतिशत मात्रै वर्षा भएको छ। देशभर कूल दुई दशमलव पाँच मिलिमिटर मात्रै वर्षा भएको जल तथा मौसम विज्ञान विभागका सूचना अधिकारी विभूति पोखरेलले बताए। "यो औषधभन्दा निकै कम वर्षा मापन हो, यो मापन २० स्टेशनको मात्रै हो, जलवायु परिवर्तनलगायत विभिन्न कारणले यसपाली पश्चिमी वायु सक्रिय हुन सकेको छैन", उनले भने," हिउँदको समय अझै बाँकी भएकाले पानी पर्ने सम्भावना भने कायम रहन्छ।

उनका अनुसार अहिले वर्षा हुने देखिएको छैन। मङ्सिर १५ देखि फागुन १७ गतेसम्मको अवधि हिउँदयाम हो। यस अवधिमा हुने सरदर वर्षा ६०दशमलव एक मिलिमिटरलाई औषत वर्षा मानिएको छ। सूचना अधिकारी पोखरेलले अहिलेसम्म वर्षा कम भयो भनेर यो यामभरीकै विष्लेषण गर्ने बेला भने नभएको बताए।

यसपाली नेपालमा मात्रै होइन भारतको हिमालयन क्षेत्रमा पनि प्रक्षेपण नमिलेको बताउँदै उहाँले जलवायु परिवर्तनको असरलगायत कारण वर्षामा असर पारिरहेको जिकिर गरे।

मुख्य त पश्चिमी वायुको असरले नै वर्षा गराउने हो। अहिलेसम्म सक्रियरुपमा वर्षा देखिनु पर्ने हो तर देखिएको छैन। पछिल्लो हप्ता चिसो भने बढेको उनले बताए।

यसरी वर्षा नहुनु भनेको विश्वकै लागि एउटा चुनौती भएको पनि विभागले जनाएको छ। यो याममा मात्रै होइन वर्षाका बेलामा पनि मौसम घटबढ देखिएको उनले बताए।उक्त विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल नेपालमा पश्चिमी वायुको आंशिक असर परिरहेको छ।

आउँदो २४ घण्टामा कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ। साथै तराईका अधिकांश स्थानमा हुस्सु/कुहिरो लाग्ने हुँदा दैनिक जनजीवन, स्वास्थ्य, यातायात तथा हवाई यातायातमा असर पर्न सक्ने जनाइएको छ। त्यसबाट हुनसक्ने असरका साथै चिसोबाट समेत बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउन माहाशाखाले अनुरोध गरेको छ।

# निरन्तर बढेको जाडोले जनजीवन प्रभावित

**टुडे समाचारदाता**

जलेश्वर। पछिल्लो २० दिनदेखि महोत्तरीलगायत पूर्वी तराईका जिल्लामा निरन्तर बढ्दै गएको जाडोले जनजीवन प्रभावित भएको छ। लगातारको चिसो कठ्याङ्ग्रिदो हावा, शीतलहर, हुस्सु र बाक्लो कुहिरोका कारण मानिस, पशुचौपाया तथा बालिनालीसमेत प्रभावित भएका छन्।

जिल्लाको सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ। चिसो बढेसँगै बजारमा बाक्लो ऊनीका कपडाको बिक्री भने बढेको व्यापारी बताउँछन्। स्वास्थ्य केन्द्रसहित जिल्ला अस्पतालमा रुघा, खोकी, दम तथा हाडजोर्नी दुखाइका बिरामीको संख्यामा वृद्धि भएको चिकित्सक बताउँछन्। लगातार बढ्दै गएको जाडोबाट बालबालिका, वृद्धवृद्धा र सुत्केरी बढी प्रभावित भएका छन्।

दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीको विभिन्न गाउँबस्तीमा जाडोबाट बच्नका लागि ठाउँठाउँमा स्थानीयवासील आगो बालेर ताप्ने गरेको देखिन्छ। विभिन्न पालिकाले आ-आफ्नो क्षेत्रका गाउँ बस्तीमा आगो बाल्न निःशुल्क दाउरा उपलब्ध गराउनुका साथै कम्बल, सिरक तथा न्यानो कपडा वितरण गरिरहेका छन्।

# सुदूरपश्चिममा एकवर्षमा नयाँ कानुन नै बनेनन

**टुडे समाचारदाता**

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको गत पुसमा एक वर्ष पूरा भयो।

यस अवधिमा प्रदेशसभाको पहिलो र दोस्रो अधिवेशन सम्पन्न भइसकेको भए पनि नयाँ कानुन भने निर्माण हुन सकेन्। यस अवधिमा प्रदेशसभाले दुई वटा कानुन संशोधन गरेको छ।

प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले एक वर्षमा प्रदेशसभाले सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन र सुदूरपश्चिम आर्थिक ऐन संशोधन गर्नुबाहेक नयाँ कुनै कानुन नबनाएको जानकारी दिए।

प्रदेशसभाको पहिलो पाँच वर्षे कार्यकालमा ६७ कानुन निर्माण गरेको थियो। संविधानअनुसार प्रदेशस्तरमा प्रदेश व्यवस्थापिकाको भूमिका निर्वाह गरिरहेको प्रदेशसभा (व्यवस्थापिका) जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने महत्वपूर्ण संस्था हो। यसले तोकिएको विधिका माध्यमबाट शासन प्रणाली सञ्चालनका लागि नीति र कानुन निर्माण गर्ने, सरकार गठन गरी सरकारका कामको निगरानी गर्ने, बजेट पास गर्ने जस्ता कार्य गर्ने गर्दछ।

सङ्घ, प्रदेश र स्थानीय तह तीन तहको शासकीय स्वरुपमध्ये प्रदेशसभा पनि एक महत्वपूर्ण निकाय हो। जनतासँग प्रत्यक्ष सरोकार राख्ने कानुन भने पर्याप्त रुपमा बन्न अझै बाँकी छन्। बनेका कानुनमध्ये कतिपय स्थानीय तह र प्रदेशसभाको संरचनासँग सम्बन्धित र अन्य कतिपय जनताको सेवासँग सम्बन्धित छन् भने तिनको कार्यान्वयनको अवस्था पनि फितलो देखिएको कतिपयको टिप्पणी छ। सङ्घीय कानुनसँग नबाझिने गरी ऐन बनाउनुपर्ने अवस्थामा प्रदेश तहमा बन्नुपर्ने अति आवश्यक कतिपय कानुन बनाउन पनि कठिनाई भइरहेको जानकार बताउँछन्।

प्रदेशसभा सचिवालय धनगढीमा आइतबार आयोजित 'सुदूरपश्चिम प्रदेशसभा दिवस २०८०' का अवसरमा वक्ताहरुले प्रदेशसभाले पछिल्लो छ वर्षमा जनअपेक्षाअनुसार धेरै काम हुन नसके पनि यो व्यवस्थाको विकल्प नरहेकोमा जोड दिए।

प्रदेश प्रमुख देवराज जोशीले जनताको जनादेशअनुसार काम भए नभएकोबारे समीक्षा गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए। प्रदेशसभाका सभामुख भीमबहादुर भण्डारीले सङ्घीय लोकतान्त्रिक व्यवस्थाविरुद्धमा भइरहेको षड्यन्त्रप्रति सचेत रहँदै यसको रक्षाका लागि सबै जिम्मेवार भएरअघि बढ्नुपर्ने बेला आएको बताए।

छ वर्षअघि विसं २०७४ माघ ७ गते पहिलो पटक प्रदेशसभामा निर्वाचित प्रदेशसभाका सदस्यको सपथ ग्रहण गराइएकाले यसै दिनलाई प्रदेशसभा दिवसका रुपमा मनाउने गरिएको छ।

नेपाली कांग्रेसका विक्रमसिंह धामी, नेकपा (एमाले) का राजेन्द्रसिंह रावल, नेकपा (माओवादी केन्द्र) का अक्कलबहादुर रावल, नागरिक उन्मुक्ति पार्टीका टीका थापा, नेकपा (एकीकृत समाजवादी) का दीर्घबहादुर सोडारीलगायतका वक्ताले सङ्घीय लोकतान्त्रिक व्यवस्थाको विकल्प नभएकोमा जोड दिएका थिए।

प्रदेशसभा दिवसका अवसरमा 'नेपालमा लोकतान्त्रिक गणतन्त्रको वर्तमान अवस्था' विषयक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको गरिएको थियो।

# कार्यकारिणी समितिको बैठक बोलाउन प्रधानमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिलाई तत्काल कार्यकारिणी समितिको बैठक बोलाउन निर्देशन दिएका छन्। उनले प्रतिष्ठानका उपकुलपति डा प्रह्लाद कार्कीलाई आइतबार आफ्नो कार्यकक्ष सिंहदरबारमा बोलाएर समितिको बैठक बोलाउन निर्देशन दिएका हुन्।

प्रधानमन्त्रीले उपकुलपति डा कार्कीलाई भने, "तपाईंले पदाधिकारीलाई काठमाडौँ नबोलाउनूस्, तपाईं धरान जानूस्, कार्यकारिणी समितिको बैठक बोलाउनूस, अन्तर्वार्ताको मिति तोक्नुहोस र नियमावली संशोधनको प्रस्ताव सिनेटमा लैजाने निर्णय गर्नूस्।"


यसैबीच, प्रधानमन्त्रीले सहकुलपति तथा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतलाई फोन गरेर आजैका मितिले कानुनअनुसार २१ दिनको समय राखेर सिनेटको मिति तोक्न निर्देशन दिएका छन्।

प्रधानमन्त्री दाहालले यही माघ २ गते नै स्वास्थ्यमन्त्री बस्नेतलाई बोलाएर बिपी प्रतिष्ठानका शिक्षक, कर्मचारी र चिकित्सकका आवाज सुनेर समस्या समाधान गर्न निर्देशन दिएका थिए।


# बाघ भैरव सामूदायिक वनमा चितुवा मृत्त अवस्थामा फेला

**रञ्जन यादब**

बारा। बाराको निजगढ नगरपालिका वडा नं..४ मा पर्ने बाघ भैरव सामुदायिक बनमा शनिबार चितुवा मृत्त अवस्थामा फेला परेको छ। डिभिजन वन कार्यालय बाराका अनुसार आईतबार घाँस काँटन गएका एक उपभोक्ताले चितुवा मृत फेला परेको देखेका थिए। बन क्षेत्र भित्रका शिखर बस्ती चौताराको खोल्सीमा स्थानीय उपभोक्ता कृष्ण प्रसाद कुईकेल



घाँस लिन जाँदा मरेको चितुवा देखेर सामुदायिक बन उपभोक्ता समितीलाई खबर गरेको बाघ भैरव सामुदायिक बनले जनाएको छ।करिब ३।४ दिन अगाडि नै उक्त चितुवा मरेको हुनसक्ने अनुमान गरिएको छ। ८२ ईन्च लामो मरेको भाले चितुवाको शरिरमा कुनै किसिमको चोटपटक वा घाउँ नदेखिएकाले चितुवा कालगतीले नै मरेको हुनसक्ने अनुमान डिभिजन बन कार्यालय बाराका सुचना अधिकारी बन अधिकृत जवाहर प्रसाद कुर्मिले गरे।चितुवा मरेको यकिन कारण खुल्न नसके पनि चितुवाको सबै अङ्गहरु सुरक्षित रहेको र घाउँ वा चोटपटक नदेखिएका कारण मृत्यु कालगतीले नै भएको हुन सक्ने सुचना अधिकारी कुर्मिले बताए। तथापी आवश्यक अनुसन्धान गरी मृत्युको कारण पत्ता लगाउँने उनले जानकारी दिए। मृत्त चितुवाको शबलाई डिभिजन बन कार्यालयकै प्राङ्गनमा आवश्यक कानुनी प्रक्रिया पुरा गरी खाल्टो खनी मुचुल्का उठाई पुरिएको छ। ५।७ बर्ष पुरानो जस्तो देखिने मृत्त चितुवाको तौल करिब ६५ किलो रहेको छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# रामजन्मभूमि प्राणप्रतिष्ठाको हार्दिक शुभकामना

भारतको अयोध्यामा भगवान रामको नवनिर्मित मन्दिरमा सोमवार भगवान रामलला(बालस्वरुप)को प्राणप्रतिष्ठा हुन लागेको छ। ७५ वर्षको निरन्तर प्रयासबाट भगवान रामको मन्दिर निर्माण भइ भगवान राम स्थापित भएको शुभ अवसरमा जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.को तर्फबाट सबै श्रद्धालुहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौ। भगवान रामको जनकपुरधामसितको सम्बन्ध अलौकिक रहेको छ । भगवान राम शिक्षाग्रहणको क्रममा ऋषि विश्वामित्रसंगै वनमा रहेकै बेला जनकपुरधाममा आयोजित धनुषयज्ञमा सहभागी भएर धनुष भंग गरेको रामायणमा वर्णन गरिएको छ । भगवान राम र सीताको शुभ-विवाहले जनकपुरधाम मिथिला र अयोध्याबीचको सम्बन्ध अटुट रुपमा गाँसिएको हो। मिथिलाका जनजनहरुले भगवान रामलाई ज्वाई भगवानको रुपमा सम्मान गर्दै आएका छन् । त्रेतायुगदेखि नै जनकपुरधाम र अयोध्याबीचको सम्बन्ध निरन्तर रहेको छ । रामायणमा जनकपुरधाम र अयोध्याको विषयमा वर्णन गरिए अनुसार भगवान सीतारामको वैवाहिक कार्यलाई अझै पनि जीवन्त राखिएको छ। हरेक वर्ष जनकपुरधाममा अयोध्याबाट साधुसन्तहरुले जन्ती लिएर आउने र जनकपुरधाममा सीताराम विवाहमहोत्सव मनाइने गरिन्छ। रामजानकी विवाहमहोत्सवले नेपाल र भारतबीचको सम्बन्धलाई जनजनमा फैलाउने काम गरिरहेको छ । भगवान रामको जन्मोत्सव रामनवमी जनकपुरधाममा धुमधामका साथ मनाइन्छ। नेपाल र भारतबीच राजनीतिक, भौगोलिक, सांस्कृतिक, धार्मिक, भाषिक, भेषभूषा लगायतका समानता र सम्बन्ध छ। दुई देशबीचका बासिन्दाहरुले रामजानकी भगवानलाई आज पनि दुल्हादुल्हिन भगवानको रुपमा पुज्ने गर्छन् । भगवान राम मर्यादा पुरुषोत्तम र सीता आदर्शनारीको रुपमा पुजिन्छन् । जनकपुरधामवासीका लागि अयोध्या पुण्य भूमि हो। जानकीको ससुराल भएकाले पूज्यनीय भूमि अयोध्यामा भगवान रामको नयाँ मन्दिर निर्माण भइ त्यसमा प्राण प्रतिष्ठा हुन लागेको अवसरमा मिथिलाका बासिन्दा हर्षित छन् । भगवान रामको प्राण प्रतिष्ठाको खुशियालीमा जनकपुरधाममा अनेक कार्यक्रमहरु आयोजना गरिएको छ । मठमन्दिरहरुमा भजनकिर्तन, सरसफाई, दिपप्रज्वलन गरी भगवान रामको अयोध्यामा भइरहेको प्राणप्रतिष्ठाको खुशियालीमा रमाइरहेका छन् । यहाँका घरघरमा भगवान राम र हनुमानको ध्वजाहरु फहराइएका छन् । मठमन्दिरहरुमा दीप प्रज्वलन र विशेष रुपमा सजावट गरिएको छ। एक प्रकारले मिथिलाधाम सीताराममय बनेको छ। जनकपुरधाममा सोमवार विशेष पूजापाठ, भजनकिर्तन लगायतका कार्यक्रमहरु गरिने भएको छ। यसले नेपाल र भारतबीचको धार्मिक र सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाइरहेको छ । रामजन्मभूमिमा भगवान रामको मन्दिर पुनःनिर्माण र त्यसमा गरिन लागिएको भगवानको प्राण प्रतिष्ठाले हिन्दू नरनारीहरु हर्षले विभोर छन्।

# 'सजिलो छैन विदेश, नछोड्नु भो आफ्नो देश'

ध्रुवसागर शर्मा

*'हातका मैला, सुनका थौला के गर्नु धनले ?
साग र सिस्नु खाएको वेश आनन्दी मनले।'*

महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'मुनामदन' खण्डकाव्यमा रुपक अलङ्कारमार्फत धन कमाउन भोट जान लागेका मदनलाई पत्नी मुनाको मुखबाट अभिव्यक्त गराएको यो पंक्तिले नेपाली समाजको बाध्यकारी विगत र उस्तै वर्तमानको यथार्थतालाई अभिव्यक्त गरेको छ।

स्व.महाकवि देवकोटाले देखे भोगेको नेपाली समाज र ६५ वर्षयताको नेपाली समाजमा धन कमाउन विदेसिनै पर्ने प्रवृति र बहाना एकै किसिमको पाइन्छ । खण्डकाव्यको कथाअनुसार व्यापार गरी पैसा कमाउने उद्देश्य लिई घरमा तरुनी स्वास्नी र बुढी आमालाई छाडेर मदन ल्हासा जान्छन्। मदनको धनार्जन गर्ने उद्देश्य बुढी भएकी आमाले बुढेसकालमा सुख प्राप्त गरुन्, मीठोमसिनो जुटोस्, इच्छाएका धार्मिक र सामाजिक/सांस्कृतिक कृत्य पूरा गर्न पाइयोस्, ऋणमुक्त भइयोस् अनि सुख समृद्धिपूर्वक जीवनयापन होस् भन्ने देखिन्छ।

करिब ८० वर्षअघि स्व.देवकोटाले आफ्नो कृति मुनामदन खण्डकाव्यको मुख्य पात्र मदनमा धन कमाउन र पारिवारिक कर्तव्य पूरा गर्न विदेशिनै पर्ने जुन बाध्यकारी अवस्था चित्रण गर्नुभएको छ ठ्याक्कै त्यस्तो अवस्था अहिलेको नेपाली समाजमा नभए पनि प्रवृति भने उही रहेको पाइएको छ । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अध्यागमन विभागका अनुसार सन् २०२३ मा १६ लाख तीन हजार आठ सय, ३६ जना नेपाली विदेशमा पुगेका छन् । अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङका अनुसार आठ लाखभन्दा बढी रोजगारीको लागि मात्रै विदेश गएका छन् भने अरु आठ लाख नेपालीहरु अध्ययन तथा अन्यप्रयोजनका लागि विदेश गएका हुन् ।

**के भन्छन् विदेश गएका युवा : कस्तो छ त्यहाँको अवस्था ?**

बर्सेनि यतिधेरै नेपालीहरु विदेसिनुको कारण देशमा रोजगार नपाएर, आयआर्जन र जीविकोपार्जनको कुनै सम्भावना नै नदेखेर वा विदेश नगए घर व्यवहार नै चलाउन नसक्ने अवस्था आएर भने होइन ।

नेपालको स्थायी जागिर नै छोडेर, राम्रैसँग चलेको व्यापार व्यावसाय बन्द गरेर, पुर्खौदेखि कमाउँदै आएको खेतबारी बाँझै छोडेर र आफ्नै गाउँघर र सदरमुकामका स्कुल कलेजमा पढेर 'ए प्लस' र 'ए' जिपिए ल्याउन सकेका युवायुवतीहरु पनि छोटो समयमा अझ धेरै पैसा कमाउने, छरछिमेकी र साथीभाइभन्दा धनी देखिने र विदेशमा गुणस्तरीय शिक्षा आर्जन गरी स्तरीय जीन्दगी बिताउने उच्च महत्वकांक्षाका साथ विदेशिने गरेको पाइएको छ।

हाल अमेरिकामा रहनुभएका म्याग्दीको मङ्गला गाउँपालिकाका विराज सापकोटाले विदेशमा आएपछि नेपालमा अवसर र सम्भावना नै नदेखेर आएँ भन्नु झुट बोल्नु हो भन्नुभयो। "आँट र जाँगर हुने हो भने नेपालमा सम्भावनै सम्भावना छ। नदीको ढुङ्गा बालुवादेखि वनका झाडी र जटिबुटीसम्म पैसैपैसा छ । गाउँमा छँदा ती सम्भावनाहरुलाई पहिचान गर्न सकिएन, विदेश आएर पछुताउनु परेको छ" सापकोटाले भन्नुभयो।

आफ्नो विगत र वर्तमानको अवस्था बुझाउँदै सापकोटाले भन्नुभयो "नेपालमा मलाई राम्रै थियो, घर पाइक परेको शिक्षकको जागिर, परिवारसँग बसेर रमाइलैसँग दिनहरु बिताएको थिएँ" सापकोटाले थप्नुभयो "रु ६४ लाख खर्च गरेर अमेरिका आएँ, यहाँ आएर तीन महिना हण्डर खाएपछि बल्ल काम पाएको छु। महिनाको साढे दुई लाख जति बच्छ, ऋणको व्याज तिर्न ठिक्कै छ।"

सापकोटाले तल्लोबाटो (गैरकानुनी बाटो) हुँदै अमेरिका आउनुभन्दा आफ्नै गाउँ ठाउँको सानो कमाइमा नै रमाउनु बढी बुद्धिमानी हुने बताउनुभयो । विदेश सोचेजस्तो सजिलो नभएको बताउँदै सापकोटाले भन्नुभयो "कानुनीरुपमा प्रक्रिया पुऱ्याएर यहाँ आएकाहरु पनि सन्तुष्ट छैनन्। फेसबुकमा समुद्र किनारमा डुलेको, कारमा घुमेको, रमाएको, मीठामीठा परिकारहरु खाएको, सफा अनि महङ्गा कपडाहरु लगाएको देखिए पनि वास्तविक जीवन भने सोचेभन्दा फरक छ।"

क्यानडाको ब्रह्मापोटनको कलेजमा अध्ययनरत म्याग्दीकी अंकिता उपाध्यायले पछिल्लो समय (सन् २०२३ सेप्टेम्वर यता) क्यानडामा अध्ययनका लागि आएका विद्यार्थीहरु काम नपाएर घरबाट पैसा मगाएर खाने र कोठा भाडा तिर्ने बाध्यतामा रहेको बताउनुभयो। "यहाँ सन् २०२३ यता आएका नेपालीहरुको बिजोग छ। एक वर्षको फि लगायत अन्य गरी २०/२५ लाख खर्च गरेर अध्ययन र कामका लागि यहाँ आएका नेपालीले कामै नपाएपछि अर्को सेमिस्टरको फि कसरी जम्मा गर्ने, कोठा भाडा कसरी तिर्ने र के खाने ? भन्ने समस्याले पिरोलिएका छन्" उहाँले भन्नुभयो "सजिलो छैन विदेश, हामीले दुःख पाए पनि अरुले नछोड्नु होला आफ्नो देश।"

त्यसैगरी हाल साउदी अरबमा रहनुभएको सुजन मगरले जति राम्रो काम र आकर्षक तलब भनेर विदेश आए पनि मेनपावर कम्पनीले भने जस्तो केही नहुने गरेको बताउनुभयो। "यहाँ १२ घण्टाको काम भए पनि १८ घण्टाको खटाइ हुन्छ, कम्पनीले भनेको जस्तोसुकै कुरा पनि मान्नै पर्छ, आफूले भनेको कुरा कसैले सुन्दैन, बिरामी भएको बेलामा समेत मेडिकलमा जाने छुट्टी पाइँदैन" मगरले भन्नुभयो "सेफ्टि एक्युप्मेन्ट सुरक्षित र भरपर्दो नहुने, एग्रीमेन्टको पालन नगरिने, कैयौं विषाक्त रसायन भएको ठाउँमा काम गर्नु पर्ने जस्ता कैयौं समस्यासँग जुधेर काम गर्दा पनि सम्झौताको कागजमा उल्लेख गरिएको पारिश्रमिक नपाउने जस्ता समस्या रहेका छन्।"

**पछुताउनु बाहेक छैन उपाय**

अध्ययन होओस् वा रोजगारी जुनसुकै उद्धेश्यले विदेश गए पनि त्यहाँ भनेजस्तो नभएपछि बल्ल नेपालको अवसर र सम्भावनालाई सम्झेर पछुताउनेहरु धेरै छन्। "विदेश जान पाए 'लाइफ बन्थ्यो' भन्नेहरु विदेश आएर भनेजस्तो नभएपछि धुरुधुरु रोएको मैले देखेको छु" हाल अष्ट्रेलियामा रहनुभएका प्रेम खत्रीले भन्नुभयो "मैले यहाँ आएर बुझेँ, पढ्न सक्ने र गर्न सक्ने हो भने नेपालमा अवसरको कमी छैन। आफ्नो देशमा आफ्नै स्वाभिमान हुन्छ। इज्जेत, मान, सम्मान सबै पाइन्छ। दुःख पर्दा आफन्तको साथ हुन्छ, साहे गाहेमा सहयोगी हात हुन्छन् । तर, विदेशमा यी सबै कुराहरु कल्पेर बस्नुबाहेक अरु केही पाइँदैन।"

विसं २०६२/६३ को ऐतिहासिक जनआन्दोलन र त्यसपछि प्राप्त राजनीतिक परिवर्तनले देशमा प्रशस्तै अवसर र सम्भावनाहरुको ढोका खोलेको भए पनि धेरै नेपालीले ती सम्भावना र अवसरहरुभन्दा उच्च महत्वकांक्षा र विदेश गए छिट्टै धनी बनिन्छ भन्ने बुझाइलाई महत्व दिँदा अहिलेको युवा पुस्ता देश छोडेर विदश उड्ने गरेको उहाँले बताउनुभयो।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशम जुग्जालीले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भैसकेपछि योग्य व्यक्तिलाई अवसरको कुनै कमी नरहेको बताउनुहुन्छ। उहाँले भन्नुभयो "विदेश गएर प्रशस्तै पैसा कमाउने र छिट्टै धनी बन्ने महत्वकांक्षाले अहिलेका युवाहरुले देशमा सम्भावना छैन भनिरहेका छन् । तर देशमै छन् प्रशस्तै सम्भावनाहरु । हामीले विदेश गएका युवाहरुले फेसबुकमा हालेका समुद्रका किनारमा रमाएका फोटा मात्र देख्छौं, उनीहरुले त्यहाँ भोग्नु परेका समस्या र वाध्यताहरुलाई देख्दैनौ । ती समस्या र वाध्यताहरु हामीले देख्यौं र बुझ्यौं भने विदेश जाने विषयमा हामी एक पटक गहिरिएर सोच्न बाध्य हुन्छौं।"

नेपाली कांग्रेस म्याग्दीका नेता क्या.मिनबहादुर कार्कीको पनि समान धारणा छ । "देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि द्रुतरुपमा भैरहेको विकास र उत्पन्न भएका आयआर्जनका अवसरहरुलाई हामीले प्राथमिकतामा राख्नै सकेनौं" कार्कीले भन्नुभयो, "राजनीतिक सङ्क्रिणता हाबी हुँदै गयो, प्राप्त स्वतन्त्रताको सदुपयोगभन्दा दुरुपयोग गर्ने प्रवृत्ति बढ्दै गयो। युवा पुस्तामा छिटो धनी बन्ने र सुखसयलको जिन्दगी जिउने उच्च महत्वकांक्षाका कारण देश छोडेर विदेश जाने क्रम बढ्दै गएको हो।"

नेपालमा स्तरीय स्कुल/कलेजहरुको संख्या बढेको छ तर कलेजमा अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या घट्दै जाँदा स्नातक र स्नातकोत्तर तहका कलेजहरु खाली हुँदै गएका छन् । "विद्यालयहरुमा गणित, विज्ञान र अंग्रजी विषयका शिक्षकहरुको अभाव उत्पन्न हुन थालेको छ । प्राविधिक शिक्षालयहरुमा निर्धारित कोटा पुरा हुन सकेका छैनन्। चिकित्सा शास्त्र र इन्जिनियरिङ कलेजहरुको अवस्था पनि यस्तै छ" के वि एकेडेमीका प्रिन्सिपल बिमल शर्माले भन्नुभयो "सरकारले शिक्षा क्षेत्रमा यति धेरै लगानी गरेको छ। लोक सेवा आयोग र शिक्षा आयोगले वर्षेनी परीक्षा लिने र पदपुर्ति गर्न थालेको छ। तर युवाहरु भने नेपालमा सम्भावना नै छैन भनेर विदेशतिर जाँदैछन्, यो देशका लागि पनि राम्रो सङ्केत होइन।"

**बाहिरिदै गयो सम्पत्ति र जनशक्ति**

नेपाल राष्ट्र वैंकले हालै प्रकाशित गरेको एक तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म नेपालबाट विदेशमा पढ्न जाने विद्यार्थीसँगै ४७ अर्ब ३५ करोड रुपैयाँ विदेशिएको छ । बैंकका अनुसार चालु आव २०८०/८१ को पहिलो पाँचभ महिनामा भ्रमण व्ययतर्फ ७५ अर्ब ७३ करोड रुपैयाँ विदेशिएको छ। यसमध्ये शिक्षाका लागि मात्र ४७ अर्ब ३५ करोड रुपैयाँ विदेशिएको हो। यो रकम अघिल्लो वर्षको यसै अवधिको तुलनामा रु १८ अर्ब ५४ करोड बढी हो। गतवर्ष पाँच महिनामा शिक्षामा रु २८ अर्ब ८१ करोड विदेशिएको थियो।

यसरी वर्षेनी देशबाट जनशक्ति र सम्पत्ति दुवै बाहिरिने क्रम बढ्दै जानु देशकै लागि घातक भएको सरोकारवालाहरुको भनाइ रहेको छ। प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले देशमा भएका अवसर र सम्भावनाहरुलाई युवाहरुले चिन्नुपर्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो "अब देशमा अवसरको कमी छैन, उच्च महत्वकांक्षा लिनुभन्दा पनि पूरा गर्न सक्ने सपना युवाहरुले देख्नु पर्छ। देशले दक्ष जनशक्ति मागेको छ, अब विदेश होइन आफ्नै गाउँठाउँलाई परिवर्तन गर्नेतर्फ युवाहरु लाग्नुपर्छ।"



**छ महिनामा पाँच सय ३९ जनाको मृत्यु**

नियति देवकोटाकै मुनामदन खण्डकाव्यको कथानक जस्तै छ। फरक के छ भने मुनामदनमा धन कमाउन विदेश (भोट) गएका मदन बिरामी परेर बाटोमा नै ज्यान गुमाउन बाध्य हुन्छन् । मदनलाई एक जना भोटेले घरमा राख्छ,औषधीमुलो गर्छ । सकेसम्मको सहयोग गर्छ तर अहिले विदेशमा त्यस्ता मनकारी व्यक्तिहरु भेटिदैनन् । विदेश गएका कतिपयको काम गर्दागर्दै उपचार नपाएर मृत्यु भएको छ।

वैदेशिक रोजगार बोर्डका अनुसार चालु आवको पुस मसान्तसम्ममा वैदेशिक रोजगारीका क्रममा पाँच सय ३९ जनाको मृत्यु भएको छ । त्यसैगरी वैदेशिक रोजगार बोर्डको तथ्याङ्क अनुसार वैदेशिक रोजगारीको क्रममा बिरामी तथा अङ्गभङ्ग हुनेको सङ्ख्या दुई सय २१ रहेको छ। बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीका अनुसार वैदेशिक रोजगारीमा जानेले स्वास्थ्य जाँच गराए पनि त्यहाँ पुगेपछि परिवर्तित वातावरणका कारण बिरामी तथा मृत्यु हुने गरेको घटना बढेका हुन्। मुख्यगरी मुटुसम्बन्धी रोग, सडक दुर्घटना, कार्यस्थल दुर्घटना, मिर्गौला रोग, हृदयाघात, क्यान्सर र अन्य विभिन्न कारणले वैदेशिक रोजगारीमा गएका नेपाली बिरामी र घाइते हुने गरेका पाइएको छ।

# पुँजीगत खर्च नबढ्दा सिर्जित आर्थिक समस्या

गोपीनाथ मैनाली

प्रत्येक वर्ष बजेट वक्तव्यमा पुँजीगत खर्च समयमै गरी बजेट कार्यान्वयन प्रभावकारी पार्ने कुरा उल्लेख गरिदै आएको दशक भइसक्यो तर पछिल्ला कुनै पनि आर्थिक वर्षहरुमा यसले लक्ष्य भेट्टाएको छैन। उल्टो खर्चको परिमाण र गुणस्तर घट्दै गएको छ। पुँजीगत खर्च हुन नसक्दा सरकारको आलोचना भइरहको छ। पुँजीगत खर्च गर्न र खर्चको गुणस्तर बढाउन गरेको प्रयास कत्ति पनि सफल छैनन्। बजेटमा के कस्ता कारक छन्, जसका कारण पुँजीगत खर्च नभएको हो भनी बजेट र खर्चबीचको सम्बन्ध पनि विश्लेषण गरिएको भए त्यसले एउटा दिशा देखाउँथ्यो, दुःखको कुरा त्यसरी विश्लेषण पनि गरिएको छैन।

बजेटजति वास्तविक बनाउन सकियो त्यसको कार्यान्वयन (खर्च र उपलब्धिको गुणस्तरीयता) त्यसैको सापेक्ष्यमा बढ्ने गर्दछ । बजेट वास्तविक बनाउन बजेट व्यवस्थापनका चरणहरुबीच तार्किक सम्बन्धमा रहनु पर्दछ। तार्किक सम्बन्ध राम्रो बनाउन यसमा संलग्न पात्रहरुको भूमिका प्राविधिक रुपमा सबल हुनुपर्दछ । बजेट निकायहरुमा भरपर्दो तथ्याङ्क आधार नभए बजेटको प्राविधि जग नै कमजोर हुन्छ र कार्यान्वयन तहमा धेरै समस्याहरु आउने गर्दछन् । प्रमुख खर्च गर्ने पदाधिकारी सचिवले बजेट तर्जुमाको समयमा खर्च प्रतिवद्धता जनाएको विनियोजनले नै लक्ष्य भेटउन सक्दैन।

विगत एक दशकको बजेट विश्लेषण गर्दा प्रतिवद्ध खर्च घट्न सकेको छैन, पुँजीगत खर्च बढ्न सकेको छैन । वित्तीय व्यवस्थापन तर्फको खर्चमा उपयोग कम र लागत बढ्दै छ। पुँजीगत खर्च वास्तवमा खर्च नभई लगानी हो। यसले अर्थतन्त्रको कमाउने क्षमता बढाउने उत्प्रेरकको काम गर्दछ। चालू खर्चको प्रकृति उपभोग स्वभावको हुन्छ, आर्जन गर्ने क्षमतामा हुँदैन। एकातर्फ सरकारको आर्जन गर्ने विऊ पूजीको रुपमा रहेको पूँजी निर्माणमा खर्च नहुने तर अर्कोतर्फ उपभोगजन्य खर्चको हिस्सा बढ्दै जाँदा वित्त व्यवस्था दोहोरो मारमा छ।

खर्च सन्तुलन धान्न मात्र नसकिएको होइन कि विगत चार वर्षदेखि सरकारी कोष घाटा निक्षेपमा छ। आर्थिक वर्ष २०६८/६९ मा पुँजीगत ७१ प्रतिशत थियो । त्यसपछिका वर्षहरुमा २०६९/७० मा ८२ प्रतिशत, २०७०/७१ मा ७८ प्रतिशत, २०७१/७२ मा ७६ प्रतिशत, २०७२/७३ मा ५९ प्रतिशत, २०७३/७४ मा, २०७४/७५ मा ८१ प्रतिशत, २०७५/७६ मा ७७ प्रतिशत, २०७६/७७ मा ४७ प्रतिशत रह्यो । कोभिड महामारीले पुँजीगत खर्च निकै घटायो । २०७८/७९ मा मुलुक कोभिडबाट पूर्ण सामान्यीकरणमा अयो तर पुँजीगत खर्च घटेर ५७.१८ प्रतिशत मात्र भयो । आव २०७९/८० मा यो स्थितिमा सीमान्त सुधार भई ६१.४४ प्रतिशत भएको अनुमान छ। यी तथ्यले पुँजीगत खर्च सरकारी क्षमताबाट बाहिरिन थालेका त होइन भन्ने प्रश्न उठेको छ। चालू आव २०८०/८१ मा कूल विनियोजनको १७ प्रतिशत (रु ३०७.४ अर्ब) विनियाजन भएको छ । यस आवको छ महिना बितिसकेको छ, नयाँ आयोजना भर्खर शुरु हुँदैछ, क्रमागत कार्यक्रमको प्रगति सुस्त छ। प्रधानमन्त्रीले विभागीय मन्त्री र सचिवहरुलाई मातहतका कार्यक्रमहरु प्रभावकारी पार्न निर्देशन दिइरहनु भएको छ।

विगत १० बर्वको पुँजीगत खर्चको प्रवृत्ति सन्तोषजनक नदेखिएको मात्र होइन, सरकारकारले सुधार रणनीति ल्याएको वर्षमा पनि उल्टो असर देखिन्छ। जस्तो कि आव २०७५/७६ मा प्रधानमन्त्रीकै उपस्थितिमा सचिव र मन्त्रीले कार्यसम्पादन करार गरेर स्वचालित स्वयं अनुगमन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा चौमासिक विवेचना गर्ने पद्धति बसालिएर पुँजीगत खर्चमा मन्त्रालयहरुलाई विशेष जिम्मेवार बनाउने काम गरियो तर पुँजीगत खर्च भने अघिल्लो आवको ८१ प्रतिशतको तुलनामा ७७ प्रतिशतमा झर्न पुग्यो । यसरी हेर्दा एक दशकको विश्लेषणबाट पुँजीगत खर्चको क्षमता ७० प्रतिशततिर मात्र छ।

पुँजीगत खर्च लक्ष्यअनुरुप देखाउन अन्तिम चौमासिकमा कार्यक्रम संशोधनमार्फत लक्ष्य परिवर्तन गर्ने काम पनि भएको छ। आश्चर्य कहाँ देखिन्छ भने अमूक मन्त्रालयका उत्तरदायी अधिकृत (सचिव) ले खर्च गर्नसक्छु भनी कार्यतालिकासहितको क्रियाकलापमा प्रतिवद्धता जनाएको प्रस्तावमा उसैबाट खर्च हुन नसक्ने भनी कार्यक्रम संशोधन र लक्ष्य समायोजन हुने गरेको छ। सरकारले उच्च प्राथमिकता दिएका राष्ट्रिय गौरवका आयोजनाहरुमा पुँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम देखिन्छ। आव २०७७/७८ मा समग्र पुँजीगत खर्च प्रतिशत ६५ रहेको थियो तर राष्ट्रिय गौरवका आयोजनामा भने करिव ५८ प्रतिशत मात्र। विषयगत मन्त्रालयहरु लक्ष्यको सापेक्षमा धेरै उपलब्धि देखाउने मनोवृत्तिमा रहन्छन् भने अर्थमन्त्रालय पनि संशोधित लक्ष्यमा प्रगति देखाएर वित्तीय उपलब्धि राम्रो देखाउने सजिलो मनोविज्ञानमा रहन्छ । यो प्रवृत्तिले पनि पुँजीगत खर्च किन गर्नुपऱ्यो र भन्ने सोच विकास भएको छ। यी आँकडा र प्रवृत्ति हेर्दा बजेट प्रणालीमा नै आधारभूत कमजोरी रहेको छ भन्ने स्पष्ट छ।

केही वर्षअघिसम्म पुँजीगत खर्च वृद्धि नहुनु, खर्चको गुणस्तर कुशलता नदेखिनु र समष्टिगत रुपमै खर्च व्यवस्थापन प्रभावकारी नहुनुको पछि झन्झटिलो कार्यक्रम स्वीकृति प्रक्रिया र अख्तियारी वितरण पहिलो दोषी देखाइन्थ्यो भने दोस्रो दोषी सार्वजनिक खरिद व्यवस्थालाई दिइन्थ्यो। त्योभन्दा पनि ठूलो दोष बजेट पारित हुन लाग्ने लामो समयलाई दिइन्थ्यो। नेपालको संविधान जारीपछि संविधानले नै 'अर्ली बजेट' (आव शुरु हुनुअघि नै बजेट पारित गरिसक्ने) लाई सुनिश्चित गरेको छ। तीनै तहका सरकारले आआफ्ना सभामा बजेट कार्यक्रम प्रस्तुत गर्ने समय कानूनमा नै तोकिदिएको छ । सार्वजनिक खरिद नियमावली बजेट कार्यक्रम कार्यान्वयनकर्ताका सुझावअनुरुप परिमार्जन गरिदै आएको छ । नयाँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ पनि कार्यान्वयनमा छ। चार वर्षदेखि कार्यसम्पादन सम्झौता गरी मन्त्री, सचिव र जिम्मेवार व्यक्तिलाई नीति कार्यक्रम कार्यान्वयनप्रति प्रत्यक्ष जवाफदेही बनाउन खोजिएको छ। खरिद कानुन खर्चको बाधक मानिएकाले पटकपटक संशोधन गरिएको छ। यस अर्थमा बजेट कार्यक्रम कार्यान्वयनमा असजिला कारण नहुनु पर्ने हो।

पुँजीगत खर्चको स्तर र आयतन कम हुनुमा नीतिगतभन्दा पनि व्यवहारजन्य कारणहरु बढी जिम्मेवार छन्। बजेट वास्तविक रुपमा तर्जुमा गरिदैन। बजेट चक्रका चरणहरुको तार्किक सम्बन्ध छैन, जसले बजेट कार्यान्वयनलाई प्रभाव पारको छ। अर्ली बजेट भने पनि बजेट प्रस्तुत भएपछि कार्यान्वयन योजना र खरिद प्रक्रियाका कामहरु गरिदैनन्, यसका लागि श्रावण नै पर्खिने चलन छ। आयोजना बैंक तर्जुमा नभएकाले राजनैतिक सहजता/प्रियताका आधारमा आयोजनाले स्थान पाउँछन्, विनियोजनका सिद्धान्त र आयोजना व्यवस्थापनका चरणहरु परिपालन हुँदैनन् । बजेट छलफलमा अर्थ मन्त्रालय दिने र अरु निकाय लिने भूमिकामा रहने भएकाले बजेटमा स्थान पाएका आयोजनाहरुप्रति कार्यान्वयन गर्ने निकायको अपनत्व हुँदैन। कतिपय आयोजना यति सतहीरुपमा राखिएका हुन्छन् कि तिनीहरुको निर्माणस्थल पहिचानमा पनि लामो समय लाग्छ। छलफलको समयमा कार्यान्वयन योग्यताका प्राविधिक पक्षहरु हेरिँदैन।

बजेट स्वीकृतपछि खरिद योजनाहरु तर्जुमा र स्वीकृत गर्ने काम समयमा हुँदैनन्। नमूना निर्धारित भएका बोलपत्रका कागजातहरु पनि समयमा बनाइँदैनन् । बोलपत्र प्रस्तावको मूल्याङ्कन लामो हुन्छ । यस समयमा निर्माण व्यवसायीको सेटिङ, लेखा, कानून र आयोजना कर्मचारीबीच आआफ्नै स्वार्थको द्वन्द्व रहन्छ। अन्तर्राष्ट्रिय खरिद प्रस्तावको मूल्याङ्कन क्षमता कार्यान्वयन निकायमा हुँदैन, भाषा, कानूनी शब्दावली र शर्तहरुबीचको अन्तरसम्बन्ध हेर्ने क्षमता नहुँदा कार्यान्वयन जटिल भइहाल्छ। जब प्रस्ताव स्वीकृत भई कार्यादेश दिइन्छ, त्यसपछि दुईखाले समस्या आयोजनाले ब्यहोर्छ। पहिलो समग्र ठेक्का व्यवस्थापनको, जसलाई निकायले स्वामित्व र क्षमतामा लिएका नै हुँदैनन् । दोस्रो, गुणस्तरको । केही खर्च भए पनि गुणस्तर राम्रो देखिदैन। निर्माण तथा आपूर्ति कार्य स्पेसिफिकेशन अनुसार जाँच गर्ने काम औपचारिकतामा सीमित हुन्छन्। निर्माण व्यवसायीको इञ्जिनियर वा आपूर्तिकर्ताको विज्ञको निर्भरतामा खर्च निकाय रहन्छन्। दुई पक्षको सम्मतिले गुणस्तर कायम हुन्न, असहमि हुँदा आयोजना ढिलो हुन्छ। दुवै अवस्था पुँजीगत खर्चका सन्दर्भमा प्रतिकूल छन्। खर्च व्यवस्थापनका चरणहरुमा आर्थिक प्रशासनका कर्मचारीहरुलाई संलग्न नगराउँदा पनि व्यावहारिक समस्या सिर्जना हुँदै आएका छन्।

खर्च कम हुनुको अर्को कारण एकै निर्माण व्यवसायीले धेरै काम लिने प्रवृत्ति पनि हो। ठेकेदारलाई आयोजना वा रकमको सीमा राख्नु पर्दछ । एकै व्यक्तिको पकडमा धेरै कम्पनीहरु हुने गरेको छन्। जव काम र गुणस्तरमा कडाइ हुन्छ, राजनीतिक कार्यकर्ता, मन्त्री र उनीहरुका आसेपासेहरु निर्माण व्यवसायी/आपूर्तिकर्ताको पक्षमा हुन्छन्। परिपक्व भैसकेका विलको भुक्तानी नपाएको कारणबाट निर्माण व्यवसायीले सरकारप्रति विश्वास गर्न छाडेका छन् । भुक्तानीका लागि पनि विशेष प्रयास गर्नुपर्ने परिस्थितिले आउने दिनमा पुँजीगत खर्चलाई नकारात्मक प्रभाव पार्दछ।

पछिल्ला समयमा त निर्माण/आपूर्ति व्यवसायी आफैं राजनीतिक जिम्मेवारीमा पुगेकाले आयोजना प्रमुखप्रतिको वफादारिता घटेर गएको छ। अर्को पक्ष विभागीय मन्त्री र सचिवको प्राविधिक अनुगमन/निगरानी हुने गरेको छैन । आयोजना प्रमुखको छनोटमा पनि राजनैतिक प्रभाव छ, पेशागत निष्ठा र इमान्दारिताको आधार लिइँदैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् बाट हुने कार्यसम्झौताको अनुगमन पनि प्रभावकारी छैन। ठूलो महत्वका साथ अघि सारिएको कामलाई राजनैतिक तबरबाट महत्व दिन छोडिदा जोखिमका कामहरु पन्छाउने मनोवृत्तिमा कर्मचारीतन्त्र रहेको देखिन्छ । निगरानी निकायको अनपेक्षित सक्रियता, सञ्चारमाध्यममा गलत समाचार सम्प्रेषणजस्ता पक्षले पनि पुँजीगत खर्च बढ्न नसकेको देखिन्छ।

पुँजीगत खर्च कम हुनुका अन्य कारणहरुमा राजनैतिक कार्यकारीबाट यसलाई कम प्राथमिकता दिइनु, सचिव महानिर्देशक, आयोजना प्रमुखजस्ता महत्वपूर्ण पदका व्यक्तिहरुलाई बारम्वार सरुवा गर्नु, प्रशासनिक नेतृत्वको क्षमता र प्राथमिकताबाट बजेट कार्यक्रम बाहिरिनु, सार्वजनिक खरिद कानूनमा कमजोरी रहनु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालतजस्ता निगरानी निकायको अतिसक्रियता रहनु, खर्च पदाधिकारीहरु जोखिम नलिने अवस्थामा पुग्नु र स्थानीय उपभोक्ता सर्वसाधारणको सहयोग नरहनु पनि हुन्। यसर्थ पुँजीगत खर्च हुन नसक्नुमा नीतिगत होइन, केही प्राविधिक र धेरै व्यावहारिक कारण छन्। (लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

# हेलम्बुवासीको माग सम्बोधन हुने मन्त्री बस्नेतको भनाइ

**टुडे समाचारदाता**

काठमाण्डु । मेलम्ची खानेपानी बाढीपीडित सङ्घर्ष समितिले आफ्ना मागका विषयमा सरकारको ध्यानाकर्षण गरेको छ । शनिबार समितिले स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतमार्फत सरकारकारलाई १७ बुँदे मागका विषयमा ध्यानाकर्षण गराएको हो ।

मेलम्ची आयोजना प्रभावित र बाढीपीडितले नदी नियन्त्रणका लागि तटबन्ध निर्माण, जोखिममा रहेका बस्तीको संरक्षण गर्नुपर्ने, मेलम्ची बाढीअघि बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई मेलम्ची करिडोरमा बनाइएको घर-व्यवसायको ऋण मिनाहा गर्नुपर्ने, बाढीबाट मृत्यु भएका परिवारलाई प्रतिव्यक्ति रु १० लाख क्षतिपूर्ति दिइनुपर्ने, स्थानीय सरकारमार्फत खानेपानीको 'लेबी' उपलब्ध गराइनुपर्ने, नयाँ घर निर्माणका लागि रु २० लाख अनुदान दिनुपर्नेलगायतका विभिन्न माग राखेका छन् ।

स्थानीयको माग पूरा नगरी मेलम्चीको पानी काठमाडौँ लैजान नपाइने उनीहरूको भनाइ छ । उनीहरूले बाढीपीडितलाई आयआर्जनका कार्यक्रम लागू गर्नसमेत माग गरेका छन् ।

ध्यानाकर्षण हस्तान्तरण गर्दै समितिका अध्यक्ष पासाङ लामाले समितिको मागपत्र हेलम्बुवासीको अधिकार भएको बताउनुभयो । उनले भने, "मन्त्रीज्यूले चाहनुभयो भने बाढीपीडितको सम्बोधन हुनसक्छ ।" समितिका उपाध्यक्ष नवराज गुरागाईँले मेलम्ची सुरुङबाट निकालिएको डम्पिङबाट हेलम्बुवासीको घरखेत गएको अवगत गराए । हेलम्बुका २५ प्रतिशत व्यक्तिलाई समस्या भएको बताउनुभयो । बाढीपीडित सङ्घर्ष समितिका सचिव छिरिङग्याल्बो ह्योल्मोले मन्त्रिपरिषद्मा लगेर माग प्रस्तुत गरीदिन मन्त्री बस्नेतलाई आग्रह गरे ।

पीडित सङ्घर्ष समितिको ध्यानाकर्षण बुझ्दै मन्त्री बस्नेतले मागलाई मन्त्रिपरिषद्मा लगेर प्रधानमन्त्रीको ध्यानाकर्षण गराउने प्रतिबद्धता ब्यक्त गरे । हेलम्बुका नागरिकको अधिकार स्थापित गराउनुपर्ने र सोका लागि पहल गर्ने उनको भनाइ छ । बाहुनेपाटीबाट हेलम्बुसम्मका लागि बहुबर्षे बजेट ल्याउन काम गर्ने उनले जानकारी दिए ।

# नाम सम्मेलनमा विकासोन्मुख देशको हितमा आवाज उठाएँ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले असंलग्न आन्दोलन (नाम)को शिखर सम्मेलनमा विकासोन्मुख देशको हितमा आवाज उठाएको बताउनुभएको छ ।

युगाण्डाको कम्पालामा सम्पन्न भएको नामको १९औँ शिखर सम्मेलनमा सहभागी भई स्वदेश फर्किनुभएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा उनले विश्वका विकासोन्मुख मुलुकले आर्थिक विकास र समृद्धि प्राप्त गर्नका लागि जोड दिनुपर्दछ भन्ने विषय जोडदाररूपमा उठाएको बताउनुभयो ।

"सम्मानित र मर्यादित जीवनका लागि आवश्यक दिगो विकासका लक्ष्यको प्राप्ति असम्भव प्रायः देखिएको छ । नेपाल आफैँ अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा रहे पनि विभिन्न बहुआयामिक चुनौतीको भुमरीमा परेको छ", प्रधानमन्त्री दाहालले भने ।

असंलग्न आन्दोलनले दिगो विकासका लक्ष्यहरू २०३०, पेरिस सम्झौता र अन्य अन्तर र्ष्ट्रियरुपमा सहमति भएका विकासका लक्ष्यहरु समयमै हासिल गरी विश्वका विकासोन्मुख मुलुकको आर्थिक विकास र समृद्धि प्राप्त गर्नका लागि जोड दिनुपर्दछ भन्ने विषयलाई आफूले सम्मेलनका क्रममा जोडदाररूपमा उठाएको प्रधानमन्त्रीको भनाइ छ ।

प्रधानमन्त्रीले पत्रकार सम्मेलनमा गर्नुभएको सम्बोधनको पूर्णपाठ यसप्रकार छ ।

असंलग्न आन्दोलनको उन्नाइसौँ शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी म आज स्वदेश फर्किएको छु । मेरो नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, परराष्ट्र सचिव सेवा लम्साल, संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापालगायत परराष्ट्र मन्त्रालयका उच्च पदाधिकारीहरू समावेश हुनुहुन्थ्यो । म यही २०८० माघ ४ गते काठमाडौँबाट युगाण्डाको राजधानी कम्पालातर्फ प्रस्थान गरेको कुरा यहाँहरुलाई विदितै छ । यस सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट जारी प्रेस विज्ञप्ति प्राप्त गर्नु भएकै छ । म युगाण्डाको कम्पाला पुग्दा त्यहाँको विमानस्थलमा युगाण्डाका ज्यल। भ्कतजभच म। ब्लथबपगल, :ष्लष्कतभच या क्तबतभ ायच च्भष्बिा, म्ष्कबकतभच एचभउबचभमलभकक बलम च्भागनभभक या ग्नबलमब, नेपालका परराष्ट्रसचिव सेवा लम्साल र अन्य उच्च पदाधिकारीहरूले स्वागत गर्नुभएको थियो । विमानस्थलमा सांस्कृतिक झाँकीसहितको स्वागत पाउँदा युगाण्डामा नेपाल र नेपाली सम्मानित भएको महसुस गरेँ ।

कम्पालामा रहँदा म मिति २०८० माघ ५ गते असंलग्न आन्दोलनको १९औँ शिखर सम्मेलनको उद्घाटन समारोहमा सहभागी भएँ । उद्घाटन समारोहमा आन्दोलनका निवर्तमान अध्यक्ष अजरबैजान, आयोजक राष्ट्रका राष्ट्रपति एवं नवनिर्वाचित अध्यक्ष साथै संयुक्त राष्ट्रसङ्घको महासभाका अध्यक्षले सम्बोधन गर्नुभएको थियो । शिखर सम्मेलनलाई नेपाली प्रतिनिधिमण्डलको नेता तथा नेपालका प्रधानमन्त्रीको हैसियतमा मैले सम्बोधन गरेँ, मेरो सम्बोधनको पूर्णपाठ यहाँहरूले परराष्ट्र मन्त्रालयको वेबसाइट र इमेलमार्फतसमेत तत्कालै पाइसक्नुभएको छ ।

यस शिखर सम्मेलनको उच्चस्तरीय संवादको विषय म्भभउभलष्लन ऋयययउभचबतष्यल ायच क्जबचभम न्यिदर्बा बागिभलअभ राखिएको थियो । यहाँहरूलाई थाहा नै छ, सन १९५५ मा इण्डोनेसियाको बाङ्डुङमा सम्पन्न एशिया अफ्रिका सम्मेलनबाट पारित १० सिद्धान्तहरू नै असंलग्न आन्दोलनको सैद्धान्तिक र दार्शनिक आधारशिला हुन् । नेपाल असंलग्न आन्दोलनको संस्थापक राष्ट्रमध्ये एक हो । हामी सन् १९५५ मा बाङ्डुङ सम्मेलनमा सहभागी राष्ट्रमध्ये एक हौँ । स्थापना कालदेखि नै असंलग्न आन्दोलनका सबै शिखर सम्मेलनमा नेपालले उच्चतम तहमा प्रतिनिधित्व गरी आफ्नो स्वतन्त्र दृष्टिकोण प्रस्तुत गरिआएको छ । असंलग्नता र यसका सिद्धान्तहरू नेपालको परराष्ट्रनीतिको आधारभूत मान्यताका रूपमा रहिआएका छन् । यसैका आधारमा अन्तर र्ष्ट्रियरूपमा जटिल परिस्थितिहरूका बाबजुद हामीले सबै अवस्थामा मौलिक दृष्टिकोणका साथ स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गरी आएका छौँ ।

मेरो सम्बोधनमा, करिब सातदशक अगाडि दुई महाशक्तिबीचको असहज शीतयुद्धको माहोलमा एशिया र अफ्रिका महादेशका नेताहरूले अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनका आधारभूत मूल्यहरू बाङ्डुङ सम्मेलनमार्फत प्रतिपादन गरेको स्मरण गर्दै यो असंलग्न आन्दोलनले कयौँ मुलुकको राजनीतिक स्वतन्त्रताको अभिवृद्धि, औपनिवेशिकताको अन्त्य र सार्वभौमसत्ताको संरक्षण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको कुरालाई जोड दिएँ । त्यसैगरी, असंलग्न आन्दोलन आपसी सहयोगलाई प्रगाढ बनाउने थलो हो । यसबाट आपसी सहयोग तथा समझदारी अभिवृद्धि गरी विश्वव्यापी समृद्धि हासिल गर्ने प्रयास गर्नुपर्नेमा जोड दिएँ ।

नेपालले सार्वभौम समानता, आपसी सद्भाव, आपसी लाभ र द्वन्द्वको शान्तिपूर्ण समाधानका आधारमा सन्तुलित र स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दछ । असंलग्न आन्दोलनका सिद्धान्तहरु र यसका मूल्य तथा मान्यता हाम्रा लागि महत्वपूर्ण हुनुका साथै परराष्ट्र नीतिको एक आधारभूत सिद्धान्त रहेको उल्लेख गर्दै यसको परिपालनाले शान्ति, मेलमिलाप र समृद्ध विश्व प्राप्त गर्न मार्गनिर्देश गरिरहेको स्पष्ट पारेँ । यस आन्दोलनले हामीहरूबीच आपसी सद्भाव, सहयोग तथा सहकार्य अभिवृद्धि गर्नुका लागि अन्तर्राष्ट्रियस्तरमा मान तथा प्रतिष्ठा बढाउन योगदान गरी रहेको जनाएँ ।

कोभिड महामारीपश्चात आर्थिक पुनरुत्थानले यथोचित गति लिन सकेको छैन । सन् २०१९ मा बाकुमा भएको १८औँ सम्मेलनयता कोभिड-१९ का कारण विश्वले मृत्यु, अभाव तथा वञ्चितीकरण, विस्थापनलगायतका चुनौतीहरूको सामना गर्नुपरेको तथा हाल बढिरहेको भूराजनीतिक ध्रुवीकरण तथा लडाइँ र जलवायु परिवर्तनका कारण साना तथा विकासशील राष्ट्रहरू थप मारमा परिरहेको विषयमा चिन्ता व्यक्त गरेँ ।

हाम्रो सम्मानित र मर्यादित जीवनका लागि आवश्यक दिगो विकासका लक्ष्यको प्राप्ति असम्भव प्रायः देखिएको छ । नेपाल आफैँ अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा रहे पनि विभिन्न बहुआयामिक चुनौतीहरुको भुमरीमा परेको छ । अतिकम विकसित मुलुकहरुलाई विकास साझेदारको बलियो साथ र सहयोगको आवश्यकता रहेको परिप्रेक्ष्यमा असंलग्न आन्दोलनले दिगो विकासका लक्ष्यहरू २०३०, पेरिस सम्झौता र अन्य अन्तर्राष्ट्रियरुपमा सहमति भएका विकासका लक्ष्य समयमै हासिल गरी विश्वका विकासोन्मुख मुलुकको आर्थिक विकास र समृद्धि प्राप्त गर्नका लागि जोड दिनुपर्दछ भन्ने विषय जोडदाररूपमा उठाएको छु ।

त्यसैगरी विश्व आर्थिक तथा वित्तीय संरचनालाई विकासोन्मुख मुलुकको आर्थिक उन्नतिका लागि आवश्यक आर्थिक स्रोत सुनिश्चितता हुनेगरी सुधार गरिनुपर्ने तथा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय व्यापार संरचना पनि विकासोन्मुख देशको हित अनुकूल हुनेगरी सुधार गर्न असंलग्न आन्दोलनले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएँ ।

विकसित मुलुकहरुले विकासोन्मुख राष्ट्रहरूलाई प्रदान गर्ने वित्तिय प्रतिबद्धता पूरा गर्ने पर्दछ । अन्तर्राष्ट्रिय व्यापारमा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी यसको फाइदा कम विकसित मुलुकहरुलेसमेत महसुस गर्न पाउनु पर्दछ । यसर्थ संयुक्त राष्ट्रसङ्घपछिको सबैभन्दा ठूलो प्रतिनिधिमूलक संस्थाका रूपमा असंलग्न आन्दोलनले स्थायित्व र समृद्धिका लागि न्यायपूर्ण भूमिका निर्वाहका लागि अहम भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएको छु ।

यस आन्दोलनको सफलताका लागि आपसी सहकार्य र सहयोगको विकल्प छैन । समृद्धि केही मलुक तथा वर्गको मात्रै विशेष अधिकार तथा सुविधाको विषय हुन सक्दैन । प्रत्येक व्यक्ति तथा मुलुकले समानरूपमा समृद्धि हासिल गर्नका लागि हामी अग्रसर हुनै पर्दछ भन्ने कुरालाई पनि मेरो सम्बोधनमा उल्लेख गरेको छु ।

शान्तिका दूत गौतम बुद्धले मार्गदर्शन गर्नुभए झैँ नेपाल शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमा अटल विश्वास गर्दछ । त्यसैगरी विविधतामा एकता, वसुधैव कुटुम्बकम् हाम्रा दैनिक जीवन पद्धतिकारुपमा रहिआएका छन् । यी मान्यताहरु हाम्रो सामाजिक (सांस्कृतिक) मूल्यमान्यताका रुपमा परापूर्वकालदेखि रहिआएका छन् ।

हिमालय विश्व जनसंख्याको १५ प्रतिशत तथा पृथ्वीको ५० प्रतिशत जैविक विविधताको घर हो । विश्वका जीवित प्राणीहरुका लागि हिमाल अतिमहत्पूर्ण छ । पर्वतीय मुलुक नेपाल जलवायु परिवर्तनको चपेटामा रहेको छ । त्यसैले हिमाल तथा पर्वतीय पारिस्थितिक प्रणाली र त्यहाँ बसोबास गर्ने मानव समुदायको संरक्षणका लागि नेपालले पैरवी गर्दै आएको विषयलाई यस अवसरमा दोहोऱ्याउँदै हिमालको आवाजलाई समर्थन गर्नसमेत आह्वान गरेँ ।

असंलग्न राष्ट्रहरूको १९औँ शिखर सम्मेलनले अन्तिम दस्तावेज, कम्पाला घोषणापत्र र प्यालेस्टाइनसम्बन्धी घोषणापत्र पारित गरेको छ । कम्पाला घोषणापत्रले अन्तर्राष्ट्रिय शान्ति, स्थिरता, संयुक्त राष्ट्रसङ्घको सुदृढीकरण, बहुपक्षीयताको प्रवर्द्धन, सार्वभौमिक समानता, स्वतन्त्रता, अहस्तक्षेप, न्यायपूर्ण विश्वव्यवस्था, दक्षिण (दक्षिण सहयोग, आन्दोलनका सदस्यबीच आन्तरिक एकता र सद्भाव, ऐक्यबद्धता, दिगो विकासका लक्ष्य हासिल गर्नेजस्ता विषयमा जोड दिएको छ ।

द्वितीय विश्वयुद्धको समाप्तिपछि विश्वव्यवस्था दुई ध्रुवमा विभाजित रहेको परिस्थितिमा स्वतन्त्रता, स्वाधीनता र आर्थिक विकासको पक्षमा तेस्रो धारकारूपमा विकास भएको असंलग्न आन्दोलनको सान्दर्भिकताबारे केही आशङ्का उत्पन्न भए तापनि असमानता, नवउपनिवेशवाद, भूराजनीतिक द्वन्द, गरिबीजस्ता समस्यायुक्त वर्तमान विश्वमा असंलग्न आन्दोलनको ठूलो भूमिका रहेको कुरामा विमति हुन विश्व व्यवस्थालाई न्यायपूर्ण, समतामूलक बनाउँदै सबै देशलाई स्वतन्त्रता, स्वाधीनता र भौगोलिक अखण्डताको प्रत्याभूति गर्दै विश्वका सबै मानव समुदायले समृद्धि प्राप्त गरी गरिमायुक्त जीवनयापन गर्ने कार्य सम्पन्न गर्न असंलग्न आन्दोलनको महत्व हिजोजति थियो आज पनि त्यत्तिकै रहेको छ ।

शिखर सम्मेलनको समापन समारोहमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले सम्बोधन गरी विश्वव्यवस्थालाई न्यायोचित, समावेशी र समतामूलक बनाउन असंलग्न राष्ट्रहरुको ठूलो योगदान रहेको उल्लेख गर्दै यसको सान्दर्भिकता अहिलेको विश्व परिवेशमा झनै बढेको बताउनुभयो । सो अवसरमा, युगाण्डाको राष्ट्रपतिले हाम्रा साझा समस्या समाधानमा एकजुट भएर काम गर्न आह्वान गरे ।

आयोजक मुलुकका राष्ट्रपतिले १९ जनवरीका दिन सहभागी राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरुको सम्मानमा आयोजना गर्नुभएको क्तबतभ द्यबलत्रगभत मा सहभागी भएँ । उक्त अवसरमा विभिन्न मुलुकका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरुसँग सङ्क्षिप्त कुराकानी गर्ने अवसर प्राप्त भयो ।

यसै भ्रमणका अवसरमा कम्पाला पुग्दाकै दिनमा नेपाली अवैतनिक वाणिज्यदूतको आयोजनामा त्यहाँ रहेका गैरआवासीय नेपालीसँग छोटो भेटघाट तथा अन्तर्क्रियाको मौका मिल्यो । नेपालीहरूका लागि युगाण्डा तथा अफ्रिका महादेशमा विद्यमान अवसर तथा चुनौतीका बारेमा छलफल भयो । सम्बोधनका क्रममा अवसरहरुको सदुपयोग र समस्याहरूको समाधानका लागि पहल गर्ने बताएँ । श्रीलङ्काका राष्ट्रपति रणिल विक्रमासिङ्गेसँग द्विपक्षीय भेटवार्ता भयो ।

उक्त भेटघाटका अवसरमा द्विपक्षीय सम्बन्ध र आपसीहितका विषयमा कुराकानी भयो । हालै, पहिलो पटक काठमाडौँमा सम्पन्न भएको परराष्ट्रमन्त्रीस्तरीय नेपाल श्रीलङ्का संयुक्त आयोगको बैठकले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्नेबारेमा समेत छलफल भयो । सार्कलाई गतिशील बनाउन नेपाल र श्रीलङ्काले साझा प्रयत्न गर्नेबारे कुराकानी भएको थियो ।

त्यसैगरी उद्घाटनसत्रका समयमा आयोजक मुलुक युगाण्डाका राष्ट्रपति महामहिम योवरी कागुटा मुसेभेनीसँग चासोका साथ कुराकानी गरे । मेरोतर्फबाट असंलग्न आन्दोलनको १९औँ शिखर सम्मेलनमा भारतीय विदेशमन्त्री एस जयशङ्करसँग पनि भेटघाट तथा कुराकानी भयो । हालै काठमाडौँमा सम्पन्न परराष्ट्रमन्त्रीस्तरीय नेपाल-भारत संयुक्त आयोगको बैठकमा भएका सहमतिहरूलाई कार्यान्वयन गर्ने लगायत नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ पार्दै लैजाने विषयमा कुराकानी भयो ।

अन्त्यमा, संयुक्त राष्ट्रसङ्घपछि सबैभन्दा धेरै मुलुकहरू सदस्य रहेको र लामो समयदेखि दक्षिणका 'ग्लोबल साउथ' मुलुकहरूलाई स्वाभिमान, स्वाधीनता, स्वतन्त्रता र ऐक्यबद्धताको वैकल्पिक मञ्चका रूपमा रहिआएको असंलग्न आन्दोलनको १९औँ शिखर सम्मेलन सफलतापूर्वक आयोजना गर्नुका साथै कम्पालामा युगाण्डाका राष्ट्रपति योवरी कागुटा मुसेभेनी तथा विगत तीन वर्षदेखि अध्यक्षको हैसियमा आन्दोलनलाई नेतृत्व प्रदान गर्ने अजरबैजानलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै शिखर सम्मेलनको अवधिमा नेपालको सहभागिता र असंलग्न आन्दोलनबारे समाचार सम्प्रेषण गर्नुहुने सबै सञ्चारकर्मी मित्रहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।रासस

# एमालेबाट निर्वाचित जनप्रतिनिधि अध्यक्ष र सचिवमा उम्मेदवार बन्न नपाउने

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)ले जिल्ला कमिटीको अधिवेशनमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई कार्यकारी पदमा उम्मेदवार बन्न नपाउने व्यवस्था गरेको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सङ्घीय, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रनिनिधिले जिल्ला कमिटीको अधिवेशनमा कार्यकारी पद अध्यक्ष र सचिवमा उम्मेदवार हुन नपाउने बताए ।

> जिल्ला कमिटीको पदाधिकारी पदमा उम्मेदवार हुन कम्तीमा पार्टी सदस्य भएको पाँच वर्ष पुगेको र एक कार्यकाल जिल्ला कमिटीको सदस्य वा सोसरहको भूमिका निर्वाह गरेको हुनुपर्ने उल्लेख गरिएको छ ।

जिल्ला कमिटीको उपाध्यक्ष र उपसचिवमा भने जनप्रतिनिधिलाई उम्मेदवार बन्न पाइने व्यवस्था गरेको छ । उहाँका अनुसार प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्य, प्रदेशसभा सदस्य, पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष जिल्ला कमिटीको अध्यक्ष तथा सचिव पदमा उम्मेदवार बन्न नमिल्ने गरेर मापदण्ड बनाइएको छ ।

जिल्ला अधिवेशन तोकिएको अवस्थामा अधिवेशनका लागि उम्मेदवार र प्रतिनिधि छनोटको मापदण्ड बनाई प्रदेश तथा जिल्ला कमिटीलाई पठाइसकेको उनले जानकारी दिए । यस्तै जिल्ला कमिटीको पदाधिकारी पदमा उम्मेदवार हुन कम्तीमा पार्टी सदस्य भएको पाँच वर्ष पुगेको र एक कार्यकाल जिल्ला कमिटीको सदस्य वा सोसरहको भूमिका निर्वाह गरेको हुनुपर्ने उल्लेख गरिएको छ ।

यस्तै जिल्ला कमिटीमा सदस्यको उम्मेदवार हुन पार्टी सदस्यता लिएको कम्तीमा तीन वर्षको समयावधि पूरा गरेको वा पालिका कमिटी सदस्य वा वडा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्ने एमालेले मापदण्ड बनाएको छ ।

यस्तै एमालेले जिल्ला कमिटीमा सहभागी हुने प्रतिनिधिकोसमेत मापदण्ड बनाएको छ । एमालेले जिल्ला कमिटीमा १५ प्रतिशत ४० वर्ष मुनिका युवाको प्रतिनिधित्व गर्न निर्देशन दिएको छ । प्रतिनिधि हुनका लागि कम्तीमा दुई वर्ष पार्टी सदस्य भएको हुनुपर्ने उल्लेख गरिएको छ । एमाले केन्द्रले आगामी जेठभित्र जिल्ला अधिवेशन सक्न निर्देशन दिएको छ ।


**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**व्यावसायिकतथा सीप विकास तालीम केन्द्र**

**जनकपुरधाम, धनुषा**

**आशयपत्र पेश गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशितमिति २०८०।१०।०८)

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र जनकपुरबाट आ.व. २०८०।०८१ मा छोटो अवधिको सीप विकास तालिम तोकिएको विषय, अवधी, समुह, संख्या र स्थानमा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक CTEVT बाट सम्बन्धन प्राप्त गरेका विगत ३ वर्ष देखि समान प्रकृतिका काम सम्पन्न गरेका तालिम प्रदायक फर्म, वा कम्पनीहरुले दर्ता प्रमाण पत्र, मु.अ.करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.०७९।०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिको नोटरी समेत गराई यस तालिम केन्द्रबाट रु १०००। तिरि प्राप्त हुने आशय पत्रमा माग गरिएको विवरण सहित आशयपत्र सूचना प्रकाशित भएको मितिले १५ दिन २०८०।१०।२२ गते कार्यालय समयमा आशयपत्र दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ । विस्तृत सूचना तालीम केन्द्रको वेभसाईट vsdtcdhanusha.madhesh.gov.np बाट download गर्न सकिनेछ । सम्पर्क नं ०४१५२२६३७



**गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम, धनुषाको पोखरी भाडामा लगाउने सम्वन्धी बोलपत्र आव्हान गरिएको ३० (तीस) दिने सार्वजनिक सूचना**

गुठी संस्थानको पूर्व स्वामित्वमा रहेको गुठी पोखरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा पानीमा हुने माछा पालन व्यवसायका लागि सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) वर्षको लागि भाडामा व्यवस्था गर्न पर्ने भएकोले निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | जिल्ला | न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षे.फ. | पोखरीको नाम | न्यूनतम एकशाला रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | ज.उ.म.न.पा. | ८ | १३१४-२५<br>१३१४-२४ | ३<br>४४ | | मध्यमासर पोखरी | ५,४०,०००।- |
| २ | " | " | १४ | | | | ठाडी पोखरी | ५,००,०००।- |

१. बोलपत्र फारम दस्तुर ५०००।- (पाँच हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म खरिद गर्न सकिने छ ।
२. यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाता वा प्रतिनितधिहरुको रोहवरमा खोलिन्छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलन बाधा पर्ने छैन ।
३. आफूले सकार गरेको पाँच वर्षको कबुल अंकको ३ (तिन) प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन. आई.सी. एसिया बैंक खाता नं. ३१४१४८३०४९५२४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको वाण्िज्य बैंकको जमानत पत्र संलग्न हुनु पर्नेछ ।
४. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालो सुचीमा परेका, फर्म वा निजका परिवारले यस ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैनन् । सहभागी भएको पाईएमा त्यस्ता व्यक्ति, फर्मको ठेक्का फर्मको ठेक्का प्रक्रिया रद्द हुनेछ ।
५. बोलपत्र साथ PAN (स्थायी लेखा नम्बर) संघ संस्था दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र सहित कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिक्ताको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
६. अलग/अलग पोखरीको लागी अलग/अलग बोलपत्र पेश गर्नु पर्नेछ ।
७. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सबै काम गरिनेछ ।
८. यो विषयमा कुनै द्विविधा भएमा वा अन्य कुनै विषयमा जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सक्निछ ।
९. पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गुठी संस्थान प्रधान कार्यालयमा निहित रहनेछ । न्यूनतम अंकभन्दा कम रकम कबुल गरि पेश हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१०. यस सम्बन्धी अन्य कुराहरु गुठी तैनाथी घर जग्गा लिज तथा वहालमा दिने सम्बन्धी निर्देशिक २०७८ बमोजिम हुनेछ ।

**सम्पर्क टेलिफोन ०४१५९०२८१**

# इराकस्थित अमेरिकी नेतृत्वको गठबन्धन शिविरमा आक्रमण

**एएफपी**

वासिङ्टन । इरान समर्थित लडाकू समूहले पश्चिमी इराकमा रहेको अमेरिकी सेनाको नेतृत्वमा रहेको सैन्य शिविरमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गर्दा एक इराकी र केही अमेरिकी हताहत भएको अमेरिकी केन्द्रीय कमाण्डले जनाएको छ।

पश्चिमी इराकमा इरान समर्थित लडाकूले अल असद शिविरलाई लक्षित गरी धेरै ब्यालेस्टिक क्षेप्यास्त्र र रकेट प्रहार गरेका सेन्टकमले उल्लेख गरेको छ । अधिकांश क्षेप्यास्त्रहरू शिविरको हवाई प्रतिरक्षा प्रणालीले रोकेको थियो तर 'अन्य केही शिविरमा खस्दा' केही अमेरिकी 'कर्मचारी' लाई चोट लागेको बताइएको छ।



अमेरिकी केन्द्रीय कमाण्डद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ, "धेरै अमेरिकी कर्मचारीहरूलाई चोटपटक लागेको हुनसक्ने अनुमानपछि उनीहरूको स्वास्थ्य परीक्षण भइरहेको छ। घटनामा कम्तीमा एक जना इराकी सैनिक घाइते भएका छन् ।"गत अक्टोबरको मध्यदेखि इराक र सिरियामा इस्लामिक स्टेट समूहका जिहादीविरुद्ध लड्न तैनाथ अमेरिकी तथा गठबन्धन सेनामाथि दर्जनौं आक्रमण भएका छन्।

गाजा द्वन्द्वमा इजरायललाई अमेरिकी समर्थनको विरोध गर्ने इरानसम्बद्ध सशस्त्र समूहहरूको खुला गठबन्धन 'इस्लामिक रेजिस्टेन्स इन इराक' ले अधिकांशको दाबी गरेको छ ।उक्त समूहले शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै पछिल्लो आक्रमण गरेको जनाएको छ।

ब्यालेस्टिक क्षेप्यास्त्रको प्रयोगले इराक र सिरियामा अमेरिकी सेनामाथिको आक्रमणमा वृद्धि भएको सङ्केत गरेको छ, जसलाई पहिले कम प्रविधिको रकेट र ड्रोनले निशाना बनाइएको थियो ।गत अक्टोबर ७ मा इजरायल र हमासबीच युद्ध सुरु भएपछि मध्यपूर्वमा तनाव बढिरहेका बेला शनिबारको हवाई आक्रमण भएको हो।

इरानको दमास्कसमा शनिबार भएको आक्रमणमा इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कोरका पाँच सदस्यको पनि मृत्यु भएको थियो ।गत सोमबार साँझ इरानले उत्तरी इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा 'यहुदी शासन (मोसाद) का गुप्तचर हरूले प्रयोग गरेको स्थललाई लक्षित गरी घातक आक्रमण गरेको थियो ।

वासिङ्टनले कैयौं पटक आक्रमणहरू गरेको छ, जुन उसले थप वा जारी आक्रमणहरू रोक्नको लागि भएको बताएको छ ।पेन्टागनका अनुसार अक्टोबरको अन्त्यदेखि यसअघिका आक्रमणमा दर्जनौं अमेरिकी सैनिक सामान्य घाइते भएका छन् ।इराकमा करिब दुई हजार ५०० र सिरियामा करिब ९०० अमेरिकी सैनिक छन् ।

# हमास प्रमुख हनिया र टर्कीका विदेशमन्त्रीबीच भेटवार्ता

**एएफपी**

अङ्कारा। प्यालेष्टिनी कट्टरपन्थी इस्लामिक समूह हमासका कतार स्थित प्रमुख इस्माइल हनिया र टर्कीका विदेशमन्त्रीबीच शनिबार भेटवार्ता भएको छ। गत अक्टोबर ७ मा इजरायलको मा एक्कासी आक्रमण गर्दा कम्तीमा एक हजार एक हजार १४० जनाको मृत्यु भएको र हमासका लडाकूहरूले करिब २५० बन्धकहरूलाई कब्जामा लिएका थिए।



इजरायल र हमासबीच भएको युद्धविराम सम्झौता हमास र बाँकी बन्दीहरूको रिहाईका साथै 'जतिसक्दो चाँडो युद्धविराम' गर्नु छलफलको मुख्य विषय भएको टर्की सम्वद्ध स्रोतले जनाएको छ।स्रोतका अनुसार भेटका क्रममा दुवै पक्षले 'मानवीय सहायता बढाउने र स्थायी शान्तिको लागि दुई-राज्य समाधान' का बिषयमा छलफल भएको छ।

फिदान र हनियाबीच पछिल्लो पटक अक्टोबर १६ मा फोन वार्ता भएको थियो।हमासको आक्रमणको प्रतिक्रियास्वरूप इजरायलद्वारा हमासमाथि शुरू गरेको आक्रमणको जवाफमा हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता जनाएको छ।

इजरायलले गरेको लगातारको बमबारी र स्थल आक्रमणका कारण गाजामा कम्तीमा २५ हजार १०५ जनाको मृत्यु भएको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन्।

इस्तानबुल अक्टोबर ७ को आक्रमण अघि हमासका राजनीतिक नेताहरूको आधारको रूपमा काम गर्दथ्यो । इजरायलको इतिहासकै सबैभन्दा घातक आक्रमणको उत्सव मनाउँदै गरेको भिडियोमा टर्कीको भू-भाग कैद भएपछि टर्कीले हमासका प्रमुखलाई देश छोड्न भनेको थियो।

तर टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोआन गाजामा भइरहेको मृत्यु र विनाशको परिमाणको मुस्लिम विश्वको सबैभन्दा कठोर आलोचक बन्नुभएको छ। एर्दोगानले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई एडोल्फ हिटलरसँग तुलना गर्दै अमेरिकाले प्यालेस्टाइनीहरूको 'नरसंहार'लाई प्रायोजनगरेकोआरोपलगाउनुभएको छ।

# निर्वाचनमा पीपीपी र पीएमएल-एनबीच मुख्य प्रतिस्पर्धा हुने

**एएनआइ**

इस्लामावाद । पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) का अध्यक्ष बिलावल भुट्टो जरदारीले आगामी फेब्रुअरी ८ मा हुने आम निर्वाचन पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) र उहाँको पार्टीबीचको संघर्ष हुने बताउनुभएको छ।

पूर्व विदेशमन्त्री भुट्टोले पीपीपीले 'भोट पावर'मा पूर्ण विश्वास गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "पीपीपी बाहेक सबै पार्टीहरू अभिजात वर्गको प्रतिनिधित्व गर्छन् जसले धनी व्यक्तिहरूलाई फाइदा पुऱ्याउँछ र गरिबहरूलाई हानि पुऱ्याउँछ।"

उहाँले आफ्नो पार्टीको जित औसत नागरिकका लागि 'राहतको सास' को रूपमा आउने दाबी गर्दै फेब्रुअरी ८ को आम चुनावमा दुई प्रमुख दल पीपीपी र पीएमएल-एनबीच मात्र प्रतिस्पर्धा हुने दाबी गर्नुभयो ।पीएमएल-एन अध्यक्ष तथा पूर्व प्रधानमन्त्री शहबाज सरिफ जहाँबाट निर्वाचनमा प्रतिस्पर्धा गरिरहनुभएको छ त्यहाँका मानिसहरूलाई स्वच्छ पिउने पानीको पहुँच नभएको भन्दै भुट्टोले पीपीपीको १० बुँदे कार्यक्रमले देशलाई सबै राजनीतिक, आर्थिक र सुरक्षा समस्याबाट पार पाउन मद्दत गर्ने दावी गर्नुभयो।

भुट्टोलाई उद्धृत गर्दै एआरवाई न्यूजले भनेको छ, "पाकिस्तानले हाम्रो १० सूत्रीय आर्थिक एजेन्डा लागू गरेर मुद्रास्फीति र गरिबीबाट छुटकारा पाउन सक्छ, यसअघि जनवरीमा पीपीपी अध्यक्षले फेब्रुअरी ८ को चुनावका लागि आफ्नो पार्टीको घोषणापत्र औपचारिक रूपमा सार्वजनिक गर्नुभएको थियो।

घोषणापत्रमा आय वृद्धि गर्ने, ३० लाख आवास निर्माण गर्ने, प्रत्येक घरधुरीलाई ३०० युनिट निःशुल्क विद्युत् उपलब्ध गराउने, प्रत्येक जिल्लामा हरित ऊर्जा पार्क स्थापना गर्ने र सौर्य तथा वायु ऊर्जाका स्रोतको प्रयोग गरी पूरा गर्ने उल्लेख छ।

# उत्तर कोरियाली संसद्का पूर्व अध्यक्ष चोको निधन

**एएफपी**

सियोल । उत्तर कोरियाली संसद्का पूर्व अध्यक्ष चो थाइ बोकको शनिबार निधन भएको छ । सरकारी समाचार पत्र रोडोङ सिनमुनका अनुसार चोको हृदयाघातका कारण निधन भएको हो। उहाँ ९३ वर्षको हुनुहुन्थ्यो।

उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनले संसद् का पूर्वअध्यक्ष चोको अन्त्येष्टि समारोहमा सहभागी हुनुभएको छ। किमले आइतबार बिहानै सत्तारुढ वर्कर्स पार्टीका पदाधिकारीसहित चोको निवासमा पुगी अन्त्येष्टि समारोहमा सरिक भई 'उहाँको मृत्युप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको' थियो।

'किम जोङ उनले वर्कर्स पाटी र सरकारी संयन्त्र विकासका लागि पवित्र सङ्घर्षमा विशिष्ट उपलब्धि हासिल गर्ने चोप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो," उत्तर कोरियाली नेताको आधिकारिक नामको संक्षिप्त रूप प्रयोग गर्दै विज्ञप्तिमा रोडोङ सिनमुन पत्रिकामा भनिएको छ ।प्रतिवेदनमा चोलाई 'राष्ट्रपति किम इल सुङ र अध्यक्ष किम जोङ इलप्रति वफादार क्रान्तिकारी योद्धा' का रूपमा वर्णन गरिएको छ।

सन् १९९८ मा सर्वोच्च पिपुल्स एसेम्बली (एसपीए) को अध्यक्षमा निर्वाचित भएका चोले सन् २०१९ मा अवकाश नपाउन्जेलसम्म उत्तर कोरियाको संसद्मा सबैभन्दा लामो समयसम्म सेवा गर्ने अध्यक्षका रुपमा चिनिनुहुन्छ । जर्मन, रूसी र अङ्ग्रेजी भाषामा निपुण चोले उत्तर कोरियाको तथ्याङ्कबारे अनुसन्धान र विश्लेषण गर्ने अनलाइन वेबसाइट एनके लिडरसिप वाचका अनुसार चोले नियमित रूपमा उत्तर कोरियाबाहिर भ्रमण गर्दै आउनुभएको थियो।



वेबसाइटका अनुसार चोको किमकी शक्तिशाली काकी किम क्योङ हुईसँग घनिष्ठ सम्बन्ध थियो भने उहाँका पति जाङ सोङ थाइकलाई सन् २०१३ मा मृत्युदण्ड दिइएको थियो ।सन् २०२२ को सेप्टेम्बर ९ मा उत्तर कोरियाको स्थापना दिवसको उपलक्ष्यमा आयोजित एक कार्यक्रममा चोको अन्तिम सार्वजनिक उपस्थिति देखिएको थियो।

# म्यान्मासँगको सीमामा तारबार लगाउने भारतको योजना




**एएफपी**

नयाँदिल्ली । भारतले स्वतन्त्र आवागमन सीमा क्षेत्र सम्झौतालाई रद्द गर्दै म्यान्मासँगको आफ्नो विशाल र खुला सीमामा तारबार लगाउने योजना बनाएको भारतीय सञ्चारमाध्यमले आइतबार बताएको छ। विद्रोही आक्रमणबाट भागेर म्यान्माका सयौं सैनिक भारतमा प्रवेश गरेपछि गृहमन्त्री अमित शाहबाट यस्तो घोषणा आएको हो । शाहले शनिबार उत्तरपूर्वी राज्य आसामको भ्रमणका क्रममा भन्नुभयो, "सरकारले पूरै खुला भारत-म्यान्मा सीमामा तारबार लगाउने निर्णय गरेको छ।"

भारत र म्यान्माबिच दुर्गम जङ्गलदेखि लिएर हिउँले ढाकिएको हिमालयका चुचुरासम्म एक हजार दुई सय किलोमिटरभन्दा धेरै सीमा फैलिएको छ । कुनै बेला सीमा वा तारबारको निर्माण कसरी गरिनेछ भन्नेबारेमा कुनै जानकारी नदिनुभएका गृहमन्त्री शाहले सरकारले स्वतन्त्र आवागमन सम्झौतालाई पनि अन्त्य गर्ने बताउनुभयो।

उक्त सम्झौताले सीमावर्ती क्षेत्रमा बसोबास गर्नेहरूलाई भिसाबिना एक अर्काको क्षेत्रमा थोरै दूरीसम्म जाने अनुमति दिन्छ। सीमावर्ती क्षेत्रमा कयौं मानिसबिच घनिष्ठ सांस्कृतिक तथा धार्मिक सम्बन्धसमेत छ।

टाइम्स अफ इन्डियाले पोस्ट गरेको एक भिडियोअनुसार शाहले भन्नुभयो, "हामी यो सुविधालाई अन्त्य गर्दैछौं ।" सन् २०२१ को सरकारी आँकडाअनुसार भारतले यसअघि नै पाकिस्तानसँगको आफ्नो सीमाको दुई हजार किलोमिटरभन्दा धेरै र बङ्गलादेशसँगको कम्तीमा तीन हजार एक सय किलोमिटरमा तारबार लगाइसकेको छ । नोभेम्बरमा अराकान आर्मी (एए) लडाकूहरूले सुरक्षा बलहरूमाथि आक्रमण गरेपछि भारतीय सीमानजिकै म्यान्माका केही भागमा लगातार झडपहरू भएका छन्। यसबाट सन् २०२१ को सैन्य विद्रोहपछि ठूलो मात्रामा युद्धविराम समाप्त भएको छ।

अक्टोबरमा एए विद्रोहीरअन्यजातीयअल्पसंख्यक लडाकूसहितको एउटा गठबन्धनले उत्तरी म्यान्मामा संयुक्त आक्रमण गरेर चिनियाँ सीमामा महत्त्वपूर्ण व्यापार केन्द्रहरूमाथि कब्जा गरेको थियो । यसै महिनाको प्रारम्भमा उक्त गठबन्धनले चीनको मध्यस्थतामा युद्धविरामको घोषणा गरेको छ तर यो भारतीय सीमा नजिकका क्षेत्रहरूमा लागु भएको छैन। यहाँ लडाइँ जारी छ।

# एउटा पनि क्रिकेट मैदान नभएको कर्णाली



काठमाण्डु। कर्णाली प्रदेशले क्रिकेटको राष्ट्रिय प्रतियोगिता खेल्न थालेको पाँच वर्ष भन्दा बढी भइसक्यो।

उसले सन् २०१८ मा प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको दोस्रो संस्करणदेखि सहभागिता जनाइरहेको छ । सुरुवाती दुई संस्करण कर्णाली जितविहीन हुँदै फर्किएको थियो ।सन् २०२१ जनवरी १९ मा कर्णालीले मूलपानी मैदानमा गण्डकी प्रदेशलाई ५ विकेटले हराउँदै प्रधानमन्त्री कपमा पहिलो जित दर्ता गरेको थियो।

कर्णाली प्रदेशमा एउटा पनि क्रिकेट मैदान छैन । आफ्नै मैदान नहुँदा पनि उसको प्रदर्शन भने झन् झन् सुधार हुँदै गएको छ ।कर्णालीले पछिल्लो दुई वर्षमा घरेलु क्रिकेटमा उत्कृष्ट प्रभाव छाडेको छ। सबै टोलीसँग कडा प्रतिस्पर्धा गर्दै आएको छ। यस पटकको प्रधानमन्त्री कपमा कर्णालीले सुरुवाती चारमध्ये दुई खेल जितेको छ।

बुधबार सिद्धार्थ रंगशाला भैरहवामा घरेलु टोली लुम्बिनीलाई ६० रनले स्तब्ध पारेको थियो। गण्डकीलाई ७ विकेटले हराएको कर्णाली सुदूरपश्चिमसँग भने १३४ रनले पराजित भयो ।शनिबार काठमाडौंको त्रिवि क्रिकेट मैदानमा ६१ रनले पराजित हुँदा पनि कर्णालीले मधेशलाई अन्तिमसम्म दबाबमा राख्यो ।नेपाली यू-१९ टिमबाट क्रिकेट खेलिसकेका रवीन्द्रजंग शाहीले सुरुवातदेखि नै कर्णाली टोलीको नेतृत्व गर्दै आइरहेका छन्। आफ्नै मैदान नहुँदा सोचेजस्तो विकास हुन नसकेको उनी बताउँछन्।

'खेलाडीहरु कर्णाली भन्दाबाहिर नै अभ्यास गर्ने गर्छन्, मैदान अभावमा खेतबारीमै टेनिस बलले क्रिकेट खेलिरहेका छन्। मैदान भयो भने अरु खेलाडीहरु पनि निस्किन्छन् । टिममा प्रतिस्पर्धा पनि हुन्छ र टोली राम्रो पनि बन्छ', शनिबार मधेशसँगको खेलपछि रवीन्द्रले भने।

आउँदो वर्ष कर्णालीमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ। त्यसका लागि सुर्खेतको वीरेन्द्रनगरस्थित कालिञ्चोक र कर्णाली रंगशालाको छेउमा गरी दुई क्रिकेट मैदान निर्माणाधीन छन् ।'दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका कारण त्यहाँ क्रिकेट मैदान बन्ने एउटा सकारात्मक पक्ष देखेका छौं', कप्तान रवीन्द्रले भने।

नेपालमा खेलकुदमा निकै कम लगानी छ, क्रिकेटमा भएको केही लगानी पनि सिनियर क्रिकेट टिममा बढी छ। प्रदेशस्तरमा र अझ कर्णालीमा त क्रिकेटमा लगानी शून्यकै अवस्थामा छ। खेलाडीको खेलप्रतिको हुटहुटी र मिहिनेतले मात्र कर्णालीमा क्रिकेट खेलाडी आइरहेका छन् ।खेलाडीहरु छनोटको बेलामा मात्र कर्णाली पुग्छन्। अरु बेला भारत, काठमाडौं, धनगढी वा कुनै सहरमा बसेर क्रिकेट सिक्छन्। तर सबै खेलाडीका लागि बाहिर गएर अभ्यास गर्न सहज छैन। त्यसैले क्रिकेट खेल्ने चाहना भएका धेरै खेलाडी त्यसै हराएका छन्।

खेलाडी छनोट पनि २०-२५ ओभरको एक-दुई खेलबाट गर्नुपर्ने बाध्यता छ । यसरी छानिएको टिमले राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरेर जित निकाल्नु कठिन छ ।कर्णालीले आठ महिनाअघि जनकपुरमा भएको पहिलो महेन्द्रनारायण निधि टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको थियो। ७ प्रदेश सहभागी प्रतियोगितामा कर्णालीले सुदूरपश्चिमलाई हराउँदै पहिलो उपाधि जितेको थियो।

तर धेरै अभ्यास र मिहिनेतबिना एकदिवसीयको त्यस्तो नतिजा ल्याउन निकै कठिन हुन्छ। अन्य ६ प्रदेशमा कम्तीमा काम चलाउ क्रिकेट मैदान छन्। कर्णालीमा भने त्यही पनि छैन। 'अहिले २०-२२ जना खेलाडी होलान् । मैदान भएमा धेरै खेलाडी उत्पादन हुन्छन्', कप्तान रवीन्द्र भन्छन्।

कर्णालीका सुर्खेत, दैलेख, कालीकोट, रुकुम र सल्यानले क्यानको जिल्ला सदस्यता मान्यता पाएका छन्। कर्णालीका कुनै पनि जिल्लामा खेल्न योग्य मैदान छैन। त्यसैले टेनिस क्रिकेट खेल्नुबाहेक अन्य विकल्प पनि छैन।

यसका बाबजुद कर्णालीका विपिन रावलले यू-१९ विश्वकप खेलिसकेका छन् । अनुज चनारा सिनियर टोलीको बन्द प्रशिक्षणमा परेका खेलाडी हुन् । दिनेश अधिकारी र अर्जुन घर्ती आगामी दिनमा नेपाली टोलीबाट नै खेल्न सक्ने सम्भावना देखाएका छन्।'

म खेलाडीहरुलाई धन्यवाद नै दिन चाहन्छु। बाहिर खेल्छन्। एक फोनको भरमा जहाँ भएपनि छनोट खेल्न आउँछन्', कप्तान रवीन्द्र भन्छन् ।अनलाईन खवर

# प्रधानमन्त्री कप क्रिकेटमा गण्डकी विजयी



**टुडे समाचारदाता**

काठमाण्डु। प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबार भएको खेलमा गण्डकी प्रदेशले कोशीलाई १४२ रनको भारी अन्तरले पराजित गर्दै विजयी भएको छ।

जीतका लागि एक सय ६८ रनको विजयी लक्ष्य पछ्याएको कोशी प्रदेश १५ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै कूल २५ रनमा समेटियो । कोशीका लागि कुनै पनि ब्याट्सम्यानले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । कोशीका कप्तान अङ्कित सुवेदीले ८ रन जोडे भने कमल खत्रीले ५, आशिष भट्टराई र अभ्यास तिमिसिनाले समान तीन/तीन रन जोडे। बलिङ्ततर्फ गण्डकी प्रदेशका विपीन खत्री एक्लैले ६ विकेट लिए भने सन्दीप पराजुलीले तीन विकेट झारे भने अङ्कित न्यौपानेले एक विकेट लिए।

त्यसअघि मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको गण्डकीले ४८ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६७ रनको योगफल बनायो। गण्डकीका लागि मुस्कान थापाले ६७ रनको योगदान दिए । उनले एक सय २२ बल खेल्दै सात चौकाको मद्दतमा ६७ रन बनाएका हुन् । त्यसैगरी कप्तान विपीन खत्रीले ४२ रन बनाए भने कमल परियारले १३ रन जोडे।

कोशी प्रदेशका अभ्यास तिमिसिनाले ६ विकेट लिए भने सन्दीप पराजुलीले तीन तथा अङ्कित न्यौपानले एक विकेट लिए। यस जीतसँगै गण्डकीले पहिलो जीत दर्ता गराएको छ। गण्डकीले चार खेलमा दुई अङ्क जोडेको छ। छैटौं खेलमा पराजित रहेको कोशी प्रदेश भने अङ्कविहीन छ।

# गाउँपालिकामा 'एक रुपैयाँ बचत' अभियान



टुडे समाचारदाता

इलाम । रोङ गाउँपालिका-२ का सात वर्षीय आयुस दाहाल कक्षा २ मा पढ्छन् । उनलाई ठूलो भएपछि के बन्नुहुन्छ भनेर प्रश्न गर्दा म त डाक्टर बन्छु भन्ने जवाफ फर्काए । कृषि पेसाले चार जना दाहाल परिवारको सामान्य गुजारा चलेको छ । तर अवोध बालकको डाक्टर बन्ने सपनाले आयुसका बाबु कृष्णको मनमा चिसो पस्यो । "आइतबारकलका बच्चाको सपना नै डाक्टर, इन्जिनियर, पाइलट बन्ने हुँदोरहेछ।

सन्तानको पवित्र सपना पैसाकै अभावमा पूरा गराउन नसक्नु हामी किसानको बाध्यता छ", उनले भने ।

रोङ गाउँपालिकाले कुनै पनि बालबालिका रकम अभावमा उच्च शिक्षा अध्ययनबाट बञ्चित हुनु नपरोस् भनेर यस वर्षदेखि 'एक रुपैयाँ बचत' अभियान धमाधम चलाइरहेको छ। "अभाव, गरिबी र कमजोर आर्थिक अवस्थाकै कारण हाम्रो गाउँपालिकाका कुनै पनि बालबालिका उच्च शिक्षा अध्ययन गर्ने अवसरबाट बञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले 'एक रुपैयाँ बचत' कार्यक्रम सुरुआत गरेका हौँ", गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बो सुवासले भने, "प्रत्येक बालबालिकाको बैंक खातामा गाउँपालिकाले हरेक दिन रु एक जम्मा गरिदिन्छ र उनीहरूलाई पनि आफैँ बचत गर्न लगाउँछ।"

यो कार्यक्रमका लागि दैनिक एक रुपैयाँका दरले पालिकाको वार्षिक रु पाँच लाख ९४ हजार खर्च हुने उनले बताए । बालबालिकालाई दिनको न्यूनतम एक रुपैयाँ बचत गर्न लगाए पनि उनीहरूले मासिक छ हजारसम्म बचत गरिरहेको उनले जानकारी दिए ।

"हामीले हरेक दिन एक रुपैयाँ बचत गर्नुपर्छ भन्दा एक महिनामा ३० रुपैयाँ हुने हो । तर बालबालिकाले रु छ हजारसम्म बचत गरिरहेका छन् । यो कार्यक्रमले बालबालिकामा बचत गर्ने संस्कार सिकाएको छ", अध्यक्ष स्याङबोले भने ।

माछा मारेर खुवाउनुभन्दा माछा मार्न सिकाउनुचाहिँ बुद्धिमानी हुने ठानेर गाउँपालिकाले यो कार्यक्रम सुरुआत गरेको उनले बताए ।

"एक रुपैयाँ दिनु ठूलो कुरा होइन । यति जाबो पैसा दिने भन्ने कुरा पनि नआएका होइनन् । तर उनीहरूलाई हामीले बचत गर्न सिकाएको मात्र हो", स्याङबो भन्छन्, "म भोलि इन्जिनियर बन्नु छ, त्यसका लागि आइतबारैबाट बचत गर्छु भनेर बालबालिका लागेका छन् ।

राज्यले सबै कुरामा दान, भत्ता दिएर हाम्रो सोचाइ बिग्रिसकेको छ । राज्यले बाटो देखाइदिनेमात्र हो । हामीले एक रुपैयाँबाट सुरु गर्यौं यसले बालबालिकाको उच्च शिक्षा अध्ययनलाई ठूलो मद्दत पुग्छ ।"

क्षमता भएर पनि पैसा नहुँदा कैयन बालबालिकाले राम्रो विषयमा उच्च शिक्षा हासिल गर्न नसकेको दृष्टान्त नेपाली समाजमा प्रशस्तै रहेको उनको भनाइ छ ।

"रोङ गाउँपालिकाका विद्यार्थी अबको पाँच-दश वर्ष पछाडि पढाइ छाडेर कतार, मलेसिया जानुपर्ने बाध्यता सधैँका लागि अन्त्य हुन्छ भन्ने विश्वास छ", उनले भने ।

यो कार्यक्रमले राज्यलाई पनि फाइदा पुग्ने भएकाले देशव्यापीरूपमा सुरुआत गर्न उनले आग्रह गरेका छन् । "तीन तहका सरकारले देशभरिका सबै बालबालिकाको खातामा एक रुपैयाँ हालिदिने र तिमीहरू पनि बचत गर भन्ने हो भने अबको पाँच वर्ष पछाडि राज्यले छात्रवृत्तिको नाममा बजेट छुट्याउनै पर्दैन", उनी भन्छन्, "आइतबार एक रुपैयाँ बचतका लागि चाहिने कोषभन्दा पचासौँ गुणा बढी रकम त हामी छात्रवृत्तिका नाममा खर्च गरिरहेका छौँ । त्यति गर्दा सबैले पाएको अवस्था पनि छैन ।

पहुँचका भरमा पाउलान्, तर वास्तवमै गरिब किसानका छोराछोरीले छात्रवृत्ति पाएका छैनन् ।" राज्यको सयौँ गुणा बढी खर्च पनि भइरहेको छ, लक्षित समुदायले लाभ लिन सकेका पनि छैनन् भने यो समानता र वितरण प्रणाली तीन तहका सरकारले कपि गर्नुपर्ने भन्दै उनले माग गरेका छन् ।

गाउँपालिकाले केही वर्षभित्रै छात्रवृत्ति वितरण रोक्ने बताएको छ । छात्रवृत्तिको सट्टा बचत अभियानलाई नै अझ प्रभावकारी बनाउँदै लैजाने गाउँपालिकाको सोच छ। "यो वर्ष रु २० लाखको छात्रवृत्ति बाँड्दैछौँ, गत वर्ष रु २० लाखभन्दा बढीकै छात्रवृति वितरण गर्यौं । अबको दुई-तीन वर्ष पछाडि हामी छात्रवृत्ति रोक्छौँ", अध्यक्ष स्याङबोले भने ।

गाउँपालिकाको 'अध्यक्षसँग विद्यार्थी' कार्यक्रमअन्तर्गत सञ्चालित बचत कार्यक्रमबाट पालिकाभरिका ३० वटा विद्यालयका करिब दुई हजार पाँच सय विद्यार्थी लाभान्वित हुन्छन् ।

प्राइम कमर्सियल बैंकले हरेक विद्यार्थीको खातामा एक सय रुपैयाँ जम्मा गरिदिने सहमति छ । बैंकले प्रत्येक वर्ष वित्तीय साक्षरता र संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत पालिकासँग सम्झौता गरेको बताएको छ । विद्यालयमा आधारित उद्यमशीलताका लागि १४ शर्तमा बैंकसँग सम्झौता भएको गाउँपालिकाले जनाएको छ।

यस कार्यक्रमका लागि बैंकले रु दुई लाख ५० हजारभन्दा बढी सहयोग गर्ने गाउँपालिका अध्यक्ष स्याङबोले जानकारी दिए ।

# पशुपालनबाट आत्मनिर्भर



टुडे समाचारदाता

दाङ । दाङको तुलसीपुर उपमहानगरपालिक-६ गोलौराका ३७ वर्षीय डम्बर डाँगीको दिनचर्या बिहानबेलुका गाईभैंसीका बाच्छाबाच्छी/पाडापाडीको स्याहारसुसार तथा दिउँसो अध्ययापन कार्यमा बित्ने गरेको छ।

बिहान मिर्मिर उज्यालोदेखि ८ बजेसम्म र बेलुका ५:३० देखि ८ बजेसम्म गाईभैंसीका बाच्छाबाच्छी र पाडापाडीको स्याहारसुसार गर्ने, दूध बिक्रीवितरणको व्यवस्था गर्नेलगायत काममा बित्ने गरेको छ। दिउँसोको समयमा भने शिक्षण पेसामा बित्ने गरेको उनले बताए।

डाँगी छोटो समयमा व्यावसायिक रुपमा पशुपालन गरेर एक सफल उद्यमीको रुपमा आफूलाई चिनाउन सफल हुनुभएको छ । उनी तुलसीपुर-१० मा रहेको एक निजी विद्यालयका शिक्षक छन् । उनले १५ वर्षदेखि उक्त विद्यालयमा अध्यापन गराईरहेका छन् ।

साथै नौ वर्षदेखि पशुपालनमा लागेका डाँगी अहिले घरपरिवारका सदस्यसहित यो पेसालाई निरन्तरता दिँदै हुनुहुन्छ । उनले स्थानीय पाँचजनालाई रोजगारीसमेत दिएको बताए ।

डाँगीका अनुसार दुईजनाले पूर्ण र तीनले आंशिक रुपमा रोजगारी गरिरहेका छन् । उनले भने, "वार्षिक करिब रू १२ देखि १३ लाख बचत गर्न सफल भएको छु । विसं २०७१ मा लक्ष्मी सेवा पशुपालन फर्म दर्ता गरी व्यावसायिक रुपमा भैंसीपालनको सुरुवात गरेको थिएँ ।"

डाँगीले सुरुमा रू चार लाखको लागतमा पाँचवटा उन्नत जातका मुर्रा भैंसी र एउटा होलेस्टन उन्नत जातको गाई खरिद गरी पशुपालन थालेको जानकारी दिए।

उनीका अनुसार अहिले फर्ममा गाई तथा बाच्छाबाच्छी २१ र भैंसी तथा पाडापाडी १२ गरी ३३ वटा पशुचौपाया रहेका छन् । तीमध्ये १० गाई तथा सातवटा भैंसी दुहुना छन् ।

भैंसीले दैनिक ९० देखि ९५ लिटरसम्म दूध दिने गरेको भन्दै उक्त दूधलाई तुलसीपुर बजारका डेरी उद्योगमा बिक्रीका लागि लग्ने गरिएको डाँगीले बताए । केहीले दूध फर्मबाटै खरिद गरी लैजाने गरेका उनको भनाइ थियो ।

कोरोना महामारीका समयमा उत्पादित दूधले उचित बजार नपाउँदा केही घाटा बेहोर्नु परेको भन्दै अहिले भने बजारमा कुनै समस्या नरहेको डाँगीले बताए । दाङमा अहिले दूधप्रतिलिटर रू ९० र दही रू एक सय रहेको छ ।

शनिबार डाँगीको फर्ममा दूध खरिद गर्न आएकी तुलसीपुर-६ गोलौरीकी ४३ वर्षीया सरस्वती चौधरीले आफ्नै घर आगनमा शुद्ध दूध खान पाइएको बताए । उनले भने, "पहिलेपहिले एक लिटर दूध किन्न तुलसीपुर बजार जानुपर्ने बाध्यता थियो । तर अहिले घर छेउमा ताजा दूध पाउँदा खुसी लागेको छ ।"

डाँगीले फर्ममा अहिलेसम्म रू ६० लाखसम्म लगानी भइसकेको जानकारी दिए । उनीका अनुसार दुग्धजन्य पदार्थ र मल बिक्रीबाट वार्षिक रू २५ देखि २८ लाखसम्म आम्दानी हुने गरेको छ । आन्तरिक व्यवस्थापकीय सबैजसो खर्च कटाएर गतवर्ष झण्डै रू १२ लाख आम्दानी भएको उनले बताए ।

शिक्षण पेसामा संलग्न हुनुभएका तपाईं पशुपालनमा कसरी लाग्नुभयो भन्ने राससको प्रश्नको जवाफमा डाँगीले भने, "धैरै युवा जीविकोपार्जनका लागि विदेशिन थालेका समाचार दिनहुँ आउन थालेपछि स्वदेशमै स्वरोजगार सृजना गर्न सकिन्छ भन्ने सन्देश दिनका लागि व्यवसाय सुरु गरेको थिएँ । पशुपालन व्यवसायबाट पनि प्रशस्त आम्दानी गर्न सकिन्छ भन्ने सन्देशसहित पाँच जना युवालाई रोजगारीसमेत दिन सक्षम भएको छु ।"

समयको व्यवस्थापना आफूले पढाउने विद्यालय घरदेखि नजिकै रहेकाले बिहान बेलुका र बिदाको समयमा पशुपालनमा रमाउने गरेको डाँगीले बताए । १० देखि ५ बजेसम्म विद्यालयमा हुने भन्दै बाँकी समय फर्मलाई दिने गरेको उनको भनाइ थियो । परिवारका सदस्यले समेत उनको यस कामलाई सघाइरहनुभएको छ ।

डाँगीले दुई बिघामा फर्म सञ्चालन गर्नुभएको छ । घाँसको पर्याप्त उत्पादन नहुँदा दाना तथा पराल, चरणलगायत अन्य सामग्री खरिद गर्दा लागत खर्च बढेको उनले बताए ।

"अहिलेसम्म सरकारी कुनै निकायबाट केही सहयोग पाएको छैन", उनले भने, "अरु समयभन्दा जाडोको समयमा उत्पादित दूधजन्य वस्तुलाई बिक्रीमा केही समस्या हुने गरेको छ ।"

कम लगानीमा छोटो समयमा मनग्य आम्दानी गर्न सकिने भन्दै डाँगीले अहिले फर्ममा विभिन्न ठाउँबाट गाईभैंसी अवलोकन गर्न, दूधजन्य वस्तु तथा पशुचौपाया खरिदका लागि मानिस आउने गरेका बताए ।

पढेलेखेका पैसा कमाउन वा जागिर खान विदेश नै जानुपर्छ भन्ने छैन भन्दै स्थानीयस्तरमा स्वरोजगार सृजना गर्न सकिने उनको सुझाव छ । युवालाई प्रोत्साहन गर्ने किसिमका कार्यक्रम राज्यले सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो ।

उत्पादित सामग्रीलाई बजारको प्रबन्ध गर्न सकेमा किसानलाई बजारीकरणमा सहजता हुनुका साथै हौसला मिल्ने डाँगीको अनुभव छ ।

## नेप्से परिसूचकमा २५ दशमलव ६३ अंकको गिरावट

टुडे समाचारदाता


काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा २५ दशमलव ६३ अङ्कको गिरावट देखिएको छ। आइतबार नेप्से परिसूचक एक दशमलव १८ प्रतिशतले घटेर दुई हजार एक सय ३० दशमलव १८ अङ्कको विन्दुमा कायम भएको हो ।

आइतबार तीन सय आठ कम्पनीको दुई करोड २८ लाख २० हजार दुई सय ७९ कित्ता शेयर एक लाख ६६ हजार नौ सय ८३ पटक खरिदबिक्री हुँदा रू सात अर्ब ६७ करोड ७७ लाख ४० हजार ५८ बराबरको कारोबार भएको छ। जलविद्युत् समुह शून्य दशमलव २० र अन्य समूह एक दशमलव ३८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धैरै विकास बैंक समूह दुई दशमलव ६१ र वित्त समूह दुई दशमलव ५५ प्रतिशतले घटेको छ।

आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धैरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ। सबैभन्दा धैरै घट्नेमा भने सिङिडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव २७ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धैरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ५६ करोड ७९ लाख १० हजार दुई सय ४१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धैरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको १४ लाख ३६ हजार एक सय ५१ बराबरको कारोबार भएको छ।

# आलुखेतीमा डढुवा कीराको सङ्क्रमण



टुडे समाचारदाता

इनरुवा । चिसोका कारण सुनसरी जिल्लाका विभिन्न क्षेत्रमा लगाइएको आलुखेतीमा डढुवा कीराको सङ्क्रमण देखिन थालेपछि किसान चिन्तित भएका छन् । हुस्सु र शीतलहरका कारण सदरमुकाम इनरुवासहित दक्षिणवर्ती क्षेत्रका किसानले लगाएका आलु बालीमा डढुवाको सङ्क्रमण बढेपछि किसान चिन्तित भएका हुन् ।

जिल्लामा करिब १० देखि १५ प्रतिशतसम्म कीराले आलुखेती नष्ट गरेको जिल्लास्थित कृषि ज्ञान केन्द्र इनरुवाले जनाएको छ।

भोक्राहा नरसिंह गाउँपालिका-७ का राजकिशोर मेहताले दुई बिघा १० कठ्ठामा आलुखेती लगाउनुभएको छ । उनले खेती सुरु गर्दा रू पाँच लाख ३४ हजार खर्च भएको बताए । मेहताले आलुको बीउमा रू एक लाख ३० हजार, मल खाद्यमा रू दुई लाख ३४ हजार, मजदुरका लागि रू एक लाख १४ हजार र अन्य विविधमा रू ५६ हजार भएको जानकारी दिए । यसअघि आलुखेतीबाट मनग्य आम्दनी भए पनि यस पटक सोचे अनुसारको आम्दानी नहुने उनको भनाइ थियो ।

केही दिनयतादेखि बढेको चिसोका कारण आफूले लगाएको आलुमा रोगकिराको सङ्क्रमण देखिन थालेपछि अहिले मेहतासहित यहाँका अधिकांश किसान चिन्तित छन् । बिहान र बेलुकाको समयमा बाक्लो हुस्सो र चिसोका कारण आलु खेतीमा रोग लागेपछि खेती नष्ट हुन थालेको उनले बताए ।

आलुको बिरुवा सुक्दै जानु, पात झर्ने लगायत समस्या देखिन थालेको मेहताले बताए । चिसोबाट बचाउनका लागि औषधि छर्किएको भन्दै औषधिले प्रभावकारी काम गर्न नसकेको उनको भनाइ थियो ।

रोग लागेपछि चार सय किलो आलु उत्पादन घट्ने अनुमान गरिएको उनले जानकारी दिए । जिल्लामा राजकिशोर उदाहरण मात्र छन् । उनीसहित जिल्लाको हरिनगरा, देवानगन्ज, रामनगर भुटहा, गौतमपुर, कप्तानगन्जलगायत क्षेत्रका किसान यतिबेला खेती नष्ट हुन थालेपछि निराश भएका छन् ।

श्रम तथा मजदुरीका साथै मल खाद्यको अभावका बीचमा किसानले आलुखेती गरेकामा लगानी गरेअनुसार प्रतिफल नआउने भएपछि किसान मर्कामा परेका भोक्राहा नरसिंह-७ का मङ्गल महतोले बताए । इनरुवासहित दक्षिणवर्ती क्षेत्रका किसानले लगाएको आलु बालीमा डढुवाको सङ्क्रमण बढेपछि लाखौँको लगानी खेर जाने भएको उनको भनाइ थियो ।

सर्वसाधारण किसानले ऋण काढेर लगाएको आलुखेती पुसको अन्तिम सातादेखि सुरु भएको शीतलहरका कारण डढुवा रोगको सङ्क्रमण बढेपछि नष्ट हुँदै गएको इनरुवा-९ बबियाका किसान सत्यनारायण यादवले बताए ।

कृषि ज्ञान केन्द्र इनरुवाले आलुखेती गर्ने किसानका लागि प्राविधिक सहयोगका साथै कार्यालयमा आएका किसानलाई निःशुल्क औषधिसमेत उपलब्ध गराउँदै आएको केन्द्रका प्रमुख निलकमल सिंहले जानकारी दिए । जिल्लामा आलुखेतीमा पच्छौटे डडुवा र अगौटे डडुवा रोगको सङ्क्रमण देखिन थालेकाले आलु उत्पादनमा कमी आउने उनको भनाइ थियो । सुनसरीमा दुई हजार नौ सय ४३ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको कार्यालयले जनाएको छ।

कृषि क्षेत्रका लागि विनियोजन गरिएको बजेटमार्फत स्थानीय तहले कृषिलाई प्रवर्द्धन गर्न र आलुका साथै विभिन्न खेतीमा लाग्ने रोको सङ्क्रमणबाट बालीलाई जोगाउन समयमै विषादीको व्यवस्था गर्नुपर्ने स्थानीयको माग छ।


लाइफ नेपाल LIFE Nepal

## लाइफ नेपाल

जनकपुरधाम, धनुषा

## सिलबन्दी दरभाउपत्रको आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८०/१०/८)

लाइफ नेपाल धनुषा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको एक गैरनाफामुलक गैरसरकारी संस्था हो । यस संस्थाले समुदायमा रहेका अपाङ्गता भएका व्यक्तिहरु, महिला, युवा, दलित र पछाडी पारिएका वर्गसँग काम गर्दै आईरहेको छ। अपाङ्गता समावेशी विकास, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, जलवायु परिवर्तन अनुकुलन, सामाजिक व्यवहार परिवर्तन, बालविवाह न्यूनिकरण लगायतका सामाजिक, आर्थिक र मानव विकासका क्षेत्रमा परियोजना सञ्चालन गर्दै आईरहेको छ। सोहि सन्दर्भमा जिविकोपार्जन सहयोगका लागि कृषि, साना तथा मझौला व्यवसाय सहयोगका लागि तपसिल बमोजिमका सामाग्रीको इच्छुक फर्म वा कम्पनीहरुले शिलबन्दी दरभाउसहित प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. कृषि व्यवसायका सामग्री

| क्र स | सामग्रीको नाम | विशिष्टिकरण | क्र स | सामग्रीको नाम | विशिष्टिकरण |
|---|---|---|---|---|---|
| १ | गुम्बज प्लाष्टिक | ३०० गेज | २७ | पासो | हेल्युर (टी पासो सहित) |
| २ | ट्राईको डर्मा | २०० ग्राम | २८ | पासो | ल्युसेन ल्युर (टी पासो सहित) |
| ३ | कोको पिट | | २९ | ड्रम | ३० लिटर |
| ४ | प्लाष्टिक ट्रे | ५० वटा प्वाल भएको | ३० | हजारी | ५ लिटर |
| ५ | भर्मी कम्पोष्ट | जैविक मल ५ केजी | ३१ | स्प्रेयर ट्यांकी | १६ लिटर, इलेक्ट्रिकल |
| ६ | निम केयर | जैविक विषादी | ३२ | नाइलन/जुट डोरी | १/२" मोटाई |
| ७ | मल्चिङ | ३० एमएम | ३३ | पहेलो स्टीकर | |
| ८ | प्लाष्टिक टनेल | (६८१२ मिटर) १२० जीएसएम | ३४ | ईएम | १ लिटर |
| ९ | प्लाष्टिक टनेल | (६८१८ मिटर) १२० जीएसएम | ३५ | करेला | माया ५० ग्राम |
| १० | शितल थोपा सिंचाई सेट | ८ लाइन (६०८५० प्वाल)६८१२ मिटर | ३६ | लौका | सादा १० ग्राम |
| ११ | इन्सेक्टस नेट | ३ मिटर चौडाई | ३७ | घिरौंला | सेन्चुरी १० ग्राम |
| १२ | पोली व्याग | ३८५ इन्च | ३८ | घिरौंला | शताब्दी १० ग्राम |
| १३ | पासो | क्युल्युर (पासो सहित) | ३९ | फर्सी | चोकर १० ग्राम |
| १४ | बोडी | डबल हार्भेष्ट ३२४ १०० ग्राम | ४० | टमाटर | एनएस ५९२ नामधारी ५ ग्राम |
| १५ | बोडी | प्रकाश वा डायमण्ड १०० ग्राम | ४१ | भण्टा | लिनग्रीन १० ग्राम |
| १६ | टमाटर | सिर्जना ५ ग्राम | ४२ | भण्टा | ७०४ |
| १७ | भिण्डी | आर्का आरमिका १०० ग्राम | ४३ | फर्सी | ग्रीन च्याम्प १० ग्राम |
| १८ | टमाटर | कविता ५ ग्राम | २. साना तथा मझौला व्यवसाय सञ्चालनका सामग्री (यस व्यवसायका लागि गुणस्तरीय सामग्री सबै) | | |
| १९ | टमाटर | अन्सल सेमिनिस ५ ग्राम | | | |
| २० | खुर्सानी | बुलेट १० ग्राम | ४४ | किराना पसलका सामग्री | |
| २१ | खुर्सानी | सुपरतारा १० ग्राम | ४५ | नास्ता पसलका लागि भाँडाकुँडा सामग्री | |
| २२ | भिण्डी | युएस ६२ | ४६ | श्रृङ्गार तथा पुजा पसलका सामग्री | |
| २३ | झिम्नी | हाईब्रिड १० ग्राम | ४७ | टेलरिङका लागि सामग्री | |
| २४ | काँक्रो | मालनी १० ग्राम | ४८ | रेडिमेड तथा जुत्ता चप्पल पसलका सामग्री | |
| २५ | काँक्रो | धर्मपाल १० ग्राम | ४९ | सैलुन पसलका सामग्री | |
| २६ | धनियाँ | लोकल २० ग्राम | ५० | स्टेशनरी सामग्री | |

**नोट**: इच्छुक फर्म तथा कम्पनीहरुले दर्ता प्रमाणपत्र, प्यान तथा भ्याट प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र सम्बन्धित फर्म तथा कम्पनीले दररेट उल्लेख गरि सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ। साथै, सूचना प्रकाशन भएको मितिदेखि सात (७) दिनभित्र कार्यालय समयमा बुझाउनुपर्नेछ। सामग्रीको दरभाउ र रेट सूची फारमका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**खरिद समिति**

irdcnproject.lifenepal@gmail.com

९८४१७८१५८२, ९८४४०२७०४२




सोमबार भारतको अयोध्यामा भगवान रामको प्राण प्रतिष्ठा हुने अवसरलाई मध्य नजर गर्दै उत्सव मनाउन जनकपुरधाममा घर घरमा भगवान राम र हनुमान इङ्गित ध्वजा लगाउनकालागि ध्वजा किन्नेको घुईचो। *तस्विर : संजय/टुडे*

# राम मन्दिरको प्राण प्रतिष्ठामा जनकपुरधाममा उत्सवको तयारी



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको अयोध्यामा नवनिर्मित भगवान् राम मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा सोमबार जनकपुरधामस्थित जानकी मन्दिरमा सवा लाख दीप बालिने भएको छ । राम मन्दिरको प्राण प्रतिष्ठाका दिन एक लाख २५ हजार दीप बाल्नुको साथै विशेष आरती गरिने तयारी गरिएको छ। यसका साथै सोमबार उत्सवको रूपमा मनाउन जनकपुरवासीलाई आग्रह गरिएको छ।

राम मन्दिरको उदघाटनको दिन दुवै मुलुकका लागि विशेष भएकाले दीप बाल्न तथा उत्सवमा उपस्थित हुन सबैमा आग्रह गरिएको छ । जनकपुरधामबासीले घर घरमा भगवान हनुमान जीको झण्डा लगाएका छन् । जनकपुरधाम उप-महानगरपालिकाले सोमबारका दिन माछा मासु बिक्रीमा रोक लगाउनुका साथै उत्सवको अवसरमा दीपावली मनाउन आग्रह गरेको छ।

राम मन्दिरको प्राण प्रतिष्ठाका लागि जानकी मन्दिरको तर्फबाट चाँदीका धनुष वाण लगायत सुनचाँदीका विभिन्न गहना, लत्ताकपडा, फलफूल लगायत एक हजार भन्दा बढी भार अयोध्या पठाइसकेको छ।

राम मन्दिरको प्राण प्रतिष्ठामा सहभागी हुन जानकी मन्दिरका महन्थ रामतपेश्वर दास र मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास बिहीबार अयोध्या पुगेका छन्।

माघ ८ गतेलाई सार्वजनिक बिदा दिन माग गर्दै जानकी मन्दिरका उत्तराधिकारी दासले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले ज्ञापनपत्र समेत बुझाएका थिए।

अयोध्यामा नवनिर्मित भगवान् राम मन्दिरको प्राण प्रतिष्ठालाई लिएर मधेश प्रदेशका अधिकांश मठमन्दिर रङ्गरोगन गरेर चिटिक्क बनाइएको छ भने जताततै राम अङ्कित झण्डा झुण्ड्याइएको छ।

सयौं वर्ष लामो प्रतीक्षापछि भगवान् रामको मन्दिर निर्माण भएको खुसीयालीमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ, सहिदनगर, औरहीलगायत मधेश प्रदेशका दुई दर्जनभन्दा बढी स्थानीय तहले सोमबारका लागि सार्वजनिक बिदा दिएका छन्।

### जनमतलाई राजनीतिक संस्कार जोगाउन आग्रह

# उम्मेदवारी फिर्ता लिइ गठबन्धनलाई समर्थन गर्न अपिल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले जनमत पार्टीलाई राजनीतिक संस्कार गुमाएका कारण सरकारबाट हटाइने संकेत गरेका छन्।

जनकपुरधाममा आइतबार राष्ट्रियसभा सदस्य समन्वय समिति गठबन्धन दलले आयोजना गरेको अभिमुखिकरण कार्यक्रममा बोल्दै पूर्व उपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले केन्द्रदेखि प्रदेश सरकारमा रहेर सरकार विरोधी कार्य गर्दै गठबन्धनलाई चुनौति दिने गरेकाले गठबन्धन र सरकारबाट जनमतको विकल्प खोज्नुपर्ने अवस्था आएको बताए।

जनमत पार्टीले विगतदेखि नै गठबन्धन र सरकारमै रहेर विपक्षीको भूमिका निर्वाह गर्दै आएकाले नैतिकता गुमाएको पार्टीलाई सरकारमा रहने अधिकार नरहेको बताए।

जनमतसंग राजनीतिक संस्कार देखाउनका लागि अन्तिम अवसर अझै पनि बाँकी रहेकाले तत्काल आफ्नो उम्मेदवारको उम्मेदवारी फिर्ता लिइ गठबन्धनको उम्मेदवारलाई समर्थन गरेर गठबन्धनमा रहेर नैतिकता बचाउनका लागि उनले अपिल गरे।

अध्यक्ष यादवले भने- 'गठबन्धन दलको संस्कार नै जनमत पार्टीमा छैन् । जनमतलाई संघीय र प्रदेश सरकारमासमेत रहनुको नैतिकता छैन। सरकारमा रहेर पनि सरकारमा वितण्डा मच्चाउँछ । राजनीतिमा नैतिकताको उच्च महत्व हुन्छ । तर इमान र नैतिकता नै नभएका पार्टीसंग हुने भनेको अराजक र नैतिकविहीनता नै हो ।' जहाँ गठबन्धनले सामूहिक उम्मेदवार खडा गरेको बताउँदै अध्यक्ष यादवले त्यहाँ पनि निहुँ खोजेर गठबन्धन विरुद्धमा उम्मेदवार खडा गर्नु कस्तो नैतिकता र राजनीतिक संस्कार हो उनले बताए। उनले भने- 'बरु जनमतसंग राजनीतिक संस्कार छ भने अहिले पनि उम्मेदवारी फिर्ता नहुने अवस्थामा पनि राजनीतिक संस्कार देखाइ उम्मेदवारी फिर्ता लिएको घोषणा गरेर गठबन्धनमै रहेको सन्देश दिने अन्तिम अवसर छ । त्यसको सदुपयोग गरेमा हामी जनमतको बारेमा पुनःविचार गर्न सक्छौं । तर यदि त्यसो नभएमा गठबन्धनसंगै सरकारबाट पनि बाहिरिनुपर्ने अवस्था आउँदैछ।'

जनमतले राष्ट्रपति निर्वाचन, उपराष्टपति निर्वाचन, प्रतिनिधिसभा सदस्य निर्वाचन लगायतकामासमेत गठबन्धनको विरोधमा उम्मेदवारी खडा गरेर गठबन्धन र सरकार विरोधी काम गर्दै आएकाले आफ्नो राजनीतिक संस्कार र नैतिकता प्रदर्शन गर्न यो अन्तिम मौका रहेको उनले बताए। जनमतले संघ र प्रदेश सरकारलाई पटक-पटक अप्ठ्यारोमा पार्ने काम गरेकाले सरकारबाट हटाउनका लागि गठबन्धनमा समेत छलफल हुने उनले बताए।




जनकपुरधामको महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा गठबन्धनले आफ्नो उम्मेदवारलाई बिजयी बनाउनकालागि आयोजना गरेको अभिमुखिकरण कार्यक्रममा सहभागीहरु। *तस्विर : किरण*

उनले मुलुक, संविधान, संघीयता र प्रदेशलगायतका व्यवस्थामाथि नै जाइलाग्ने विरुद्ध अहिलेको गठबन्धनको आवश्यकता भएर गठन गरिएको स्पष्ट पारे।

त्यस्तै राष्ट्रियसभा सदस्य समन्वय समितिका संयोजकसमेत रहेका नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था विरुद्धमा लागेका समूहलाई परास्त गर्न सात राजनीतिक दलको गठबन्धन बनेको बताए।

उनले नयाँ नयाँ रुपमा संसदमै गणतन्त्रको विरोधी ताकतहरु पनि रहेकाले निरंकुशता, अधिनायकवाद र स्वेच्छाचारी शासन तर्फ लम्न खोज्नेहरु पनि रहेकाले वर्तमान गठबन्धनले निरन्तरता पाउने बताए। मुलुकमा संविधानलाई कमजोर र देशमा अराजकता मच्चाउनेहरुलाई तह लगाउनका लागि आवश्यक रहेको उनले बताए।

उनले जनमतलाई अपिल केन्द्रीय र प्रदेशमासँगै रहेपछि अविश्वास पैदा हुने ठाउँको अन्त्य गर्दै आफ्नो उम्मेदवारलाई राजनीतिकरुपमा फिर्ता लिएर गठबन्धनमै रहेको सन्देश प्रवाह गर्न आग्रह गरे। उनले चेतावनी दिदैं भने- 'यदि जनमतले आफ्नो उम्मेदवारी फिर्ता नलिएमा हामीले यसलाई गम्भीररुपमा लिएका छौं। यस्तो अवस्थामा खण्ड खण्डमा राजनीति हुँदैन भन्ने कुरा बुझ्न आवश्यक रहेकाले तत्काल अविश्वासको वातावरण बन्न नदिउ होइन भने राजनीतिक रुपमा निर्णय लिइ सरकार र गठबन्धनबाट जनमतको विकल्प खोज्ने छौं।'

त्यस्ते नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले मुलुकमै ७० प्रतिशतभन्दा बढी मतभार गठबन्धनसंग रहेकाले गठवन्धनका उम्मेदवारको जीत सुनिश्चित रहेको दाबी गरे। उनले गठबन्धनका उम्मेदवारहरुलाई मतदान गर्नका लागि प्रदेश सांसद, स्थानीय तहका प्रमुख तथा उपप्रमुखलाई निर्देशन दिदैं पूर्वमन्त्रीसमेत रहेका नेता पुनले गठबन्धनका साथीहरुसंग भेटघाट तथा स्थलगत वातावरण बुझ्नका लागि गठबन्धन दलले कार्यदल बनाएर प्रचारप्रसारमा लागेको बताए।

त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले गठबन्धन मुलुकको आवश्यकता रहेकाले यस गठबन्धनले नै निरन्तरता पाउने बताए । उनले मुलुक संघ र प्रदेशको रक्षाका लागि गठबन्धन बनेकाले सात दलको गठबन्धन दीर्घकालीनसम्म सोच विचार गरेर राजनीति परिस्थिती अनुसार निर्माण भएको उनले बताए।

नेपाली कांग्रेस मधेश प्रदेशका अध्यक्ष कृष्णप्रसाद यादवको अध्यक्षतामा भएको अभिमुखिकरण कार्यक्रममा नेकपा एकीकृत समाजवादीका नेता रत्नेश्वरलाल गोइत, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, पूर्वमुख्यमन्त्री लालबाबु राउत, कांग्रेस सहमहामन्त्री महेन्द्रप्रसाद यादव, नागरिक उन्मुक्ति पार्टी नेपालका नेतृ उर्मिला देवी सिंह, जसपा नेपालका प्रवक्ता मनिष सुमनलगायतकाको सहभागिता रहेको थियो।

अभिमुखिकरण कार्यक्रममा सत्तागठबन्धनका अन्य तर्फका उम्मेदवार आनन्दप्रसाद ढुङ्गाना, महिला तर्फका उम्मेदवार पूजा चौधरीको फरक फरक मतदान चिन्ह रहेकाले सहभागी रहेका मतदाताहरुलाई मतदानबारे प्रशिक्षण दिएका थिए।

राष्ट्रियसभा सदस्य निर्वाचन माघ ११ गते हुने भएकाले एक दिन अघि नै माघ १० गते विहान १० बजे पार्टी संगठनको सम्पर्कमा आएर मतदान स्थल जनकपुरधाम आइपुग्नका लागि पार्टी नेताहरुले मतदातालाई निर्देशन दिए।

माघ ११ गते आम जनता पार्टीले देशव्यापी बन्द घोषणा गरेकाले १० गते नै मतदातालाई मतदान स्थलमा सहभागिताका लागि आइपुग्नका लागि निर्देशन दिइएको छ। कार्यक्रम अघि सत्ता गठबन्धन दलहरु आ-आफ्नो दलको बेग्लाबेग्लै बैठकसमेत बसेको थियो।

# वीरगञ्जका मेयरविरुद्ध सात निकायमा उजुरी

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध कारबाहीको माग गर्दै सात वटा निकायमा जाहेरी तथा उजुरी परेको छ। फर्जीको विवरणको आधारमा रुविना श्रेष्ठलाई छोरी बनाएर नागरिकता दिलाएको भन्दै उनीविरुद्ध कारबाहीको माग गर्दै उजुरी दिइएको छ।



मेयर सिंहविरुद्ध कारबाहीको माग गर्दै प्रधानमन्त्रीको कार्यालयदेखि लिएर गृह मन्त्रालयसम्म तथा पर्सा जिल्ला प्रशासन कार्यालय, पर्सा प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सीआइबी तथा राष्ट्रिय सतर्कता केन्द्रसम्म उजुरी परेको छ।

अरुको छोरीलाई आफ्नो छोरी बनाइ नागरिकता दिलाएको भन्दै पर्साका स्थानीय तथा कांग्रेस समर्थकहरुले पहिलोपटक पुस २४ मा जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरियो। दर्ता नम्बर- १३२५ रहेको यो उजुरी नै मेयर सिंहविरुद्धको पहिलो उजुरी छ।

योसँगै मेयर सिंहविरुद्ध जिल्ला प्रशासन कार्यालयमा दर्जनभन्दा बढी उजुरी परेको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ। त्यसपछि यही विषयमा छानबिनको माग गर्दै पर्सा प्रहरीमा अर्को जाहेरी पऱ्यो । मेयर सिंहसहित रुविना श्रेष्ठमाथि कारबाहीको माग गर्दै कांग्रेस पर्सा-२ का क्षेत्रीय सभापति महम्मद सहाबुदिनले पर्सा प्रहरी कार्यालयमा जाहेरी दिएको प्रहरीले जनाएको छ।

पर्सा प्रहरी प्रमुख कोमल शाहले मेयर सिंहसहित २ जनाविरुद्ध फौजदारी अपराध अन्तर्गत जाहेरी परेको जनाउँदै त्यसमाथि छानबिन भइरहेको बताए। उनले भने, 'नागरिकता प्रकरणमा केही विषयमा छानबिन भइरहेको छ, त्यो सकिएपछि दर्ता गरेर बाँकी प्रक्रिया अगाडि बढाइन्छ।'

यसैगरी नागरिकता प्रकरणबारे यही साताभित्रै सत्यतथ्य छानबिनको माग गर्दै गृह मन्त्रालय तथा प्रधानमन्त्रीको कार्यालयमा समेत उजुरी दिइएको छ । गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई पर्साका नेताहरुले भेटघाट गर्दै सत्यतथ्य छानबिनको माग गर्दै उजुरी दिएको गृह मन्त्रालय स्रोतले जनाएको छ।

गृहमन्त्री श्रेष्ठले उजुरी बुझ्दै मेयर सिंहले दिलाएको नागरिकताबारे छानबिन गरी अगाडि बढ्ने प्रतिबद्धता जनाएको बताइएको छ । पर्साका नेताहरुसँगको भेटमा गृहमन्त्री श्रेष्ठले दोषी देखिए कारबाही हुने प्रतिबद्धता जनाएको भेटमा सहभागी स्रोतले जनाएको छ।

गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराईले समेत मन्त्रालयमा उजुरी परेको र त्यसमाथि सत्यतथ्य बुझ्ने काम भइरहेको जनाएका छन्।

योसँगै प्रधानमन्त्रीको कार्यालयमा समेत उजुरी दिइएको कांग्रेस क्षेत्रीय सभापति महम्मद सहाबुदिनले जनाए। उनका अनुसार प्रधानमन्त्रीको कार्यालयसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सीआइबी तथा सतर्कता केन्द्रसहित थुप्रै निकायमा उजुरी तथा जाहेरी दिइएको छ।

नागरिकता प्रकरणबारे सञ्चार माध्यममा समाचारहरु आउन थालेपछि पर्साको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल सुरु गरेको खोजबिनमा अनुसूची फर्म नै गायव बनाएको पाइएको जनाए। यसरी सीडीओबाटै अनुसूची फर्म गायब भएपछि यो विषय झन् शंकास्पद रहेको भन्दै प्रजिअ भुसालले सहायक सीडीओ शिव लम्सालको नेतृत्वमा छानबिन समितिसमेत गठन गरिसकेका छन्, जसलाई अनुसूची फर्म खोजेर अनुसन्धान गर्ने जिम्मेवारी दिइएको छ।

तर छानबिन समिति गठन भएको दुई साता पुग्न लाग्दा पनि अहिलेसम्म अनुसूची फर्म नै फेला पार्न नसकेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । रुविना श्रेष्ठको नागरिकतामा बुबाको नाममा राजेशमान सिंह उल्लेख छ। तर नागरिकता लिँदाको अनुसूची फर्म भने अहिले गायब पारिएको छ।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

हार्दिक बधाई एवं शुभकामना



जनकपुर जेसीज २०२४ को अध्यक्ष पदमा जेसी यातोष कुमार साह ज्यु, कार्यकारणी उपाध्यक्षमा जेसी रजनिश कुमार साह ज्यु, कार्यकारणी उपाध्यक्षमा जेसी कमल कुमारी मंडल ज्यु, उपाध्यक्षमा जेसी लोकेन्द्र प्रसाद ज्यु निर्वाचित हुनुभएकोमा उहाँ लागायत सम्पुर्ण कार्य समितिमा हार्दिक बधाई तथा शुभकामना साथै उहाँको सफल कार्यकालका लागि माता जानकी ज्युसङ प्रथान गर्दछु।

मधेश ग्रामिण बिकास परियोजना परिवार

सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालविवाह, मानव बेचबिखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति बेगर छायांकन, प्रकाशन र प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापार लगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८